# प्रथम अध्याय

# अध्ययन पत्रको परिचय

## १.१ विषय परिचय

गण्डकी अञ्चलको स्याङ्जा जिल्लामा रहेका ६० वटा गा.वि.सहरूमध्येको एक क्षेत्र हो पौवैगौंडे । स्याङ्जा जिल्लाको उत्तरी भेगमा पर्ने यो क्षेत्र प्राकृतिक सुन्दरता, भौगोलिक तथा सामाजिक विविधता र धार्मिक पवित्रता जस्ता कुराहरूले चित्रित छ । यस क्षेत्रमा बढी मात्रामा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, दलित जात जातिको बसोबास रहेको छ । यहाँका अधिकांश मानिसहरू शिक्षित रहेका छन् । बढी मात्रामा ब्राह्मण क्षेत्री बस्ती भएका हुनाले त्यहाँका बासिन्दाहरू धर्म, संस्कृतिप्रति ठुलो आस्था राख्ने गर्दछन् । आफ्नो धर्म संस्कृति र भाषालाई प्राणभन्दा प्यारो सम्झने उनीहरूले आफ्नो धार्मिक परम्परालाई राम्रोसित बचाएर राखेका छन् । तसर्थ, यस क्षेत्रमा प्रचलित  लोकगीतको एक विशेष भेदका रूपमा प्रयुक्त भजन चुड्काको अध्ययन विश्लेषण गरिएकोछ ।

नेपाली लोक साहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत एक लोकप्रिय एवम् प्राचीन विधा हो । लोक, संसार वा दुनियाँले रुचिपूर्वक गाउने गीत नै लोकगीत हो (शर्मा :२०६५:११) । यसै विधा अर्न्तगत पर्ने लोकगीतको एउटा भेदका रूपमा भजन चुड्कालाई लिइन्छ । चुड्का वास्तवमा भक्तिभावका भजनहरू गाउने सन्दर्भमा बेलाबेलामा दोहोऱ्याई, तेहेऱ्याई खैजडी, मादल, मुजुराको तालमा गाइने गीत हो (आचार्य, २०६८:४८) । परम्परादेखि ग्रामीण जनजीवनमा चलि आएका भजन चुड्काहरूमा विविध विषय वस्तुहरूलाई गीत तथा लयमा आवद्ध गरेर लोक जीवनमा विभिन्न पक्षलाई गीतका माध्यमबाट समेट्दै मनोरञ्जनात्मक अभिव्यक्ति प्रस्तुत गरेको छ ।  त्यसैले विभिन्न अदृश्य शक्ति, भगवान्, देवदेवी आदिका नाममा लोक सङ्गीतका माध्यमबाट लयात्मक रूपमा व्यक्त गरिने विधा भजन चुड्का हो ।

भजन चुड्कामा विशेष गरी विभिन्न अदृश्य शक्ति तथा देवी देवताको प्रार्थना तथा शक्तिको महिमा एवं विभिन्न धर्म ग्रन्थमा आधारित गीति कथाहरू समेत पर्दछन् । यस्ता लोकगीतहरूले सामाजिक र मूलतः ग्रामीण जनजीवनको विविधतालाई आ-आफ्नै तरिकाले प्रस्तुत गर्दै आएको पाइन्छ । अझ गायन तथा प्रस्तुतीकरणमा भिन्दै पहिचान बोकेको भजन चुड्काले मानवीय जनजीवनमा आन्तरिक मनोदशाको चित्रण गर्दै स्पष्टता, हार्दिकता तथा

सौहार्दतालाई प्रस्तुत गर्दै ग्रामीण जनजीवनमा पाइने आत्मिक निश्छल, सरलपन र मोक्षप्राप्ति जस्ता प्रवृतिलाई आत्मसाथ गर्दै सामाजिक परिवेशको यथार्थ चित्रण गर्दै आएको पाइन्छ । परम्परित धार्मिक आध्यात्मिक चिन्तनद्वारा मानवजीवन प्रभावित छ । यसैबाट सुख, शान्ति, आनन्द मिल्छ भन्ने धारणा जागृत गराउन भजन चुड्काहरूले विशेष भूमिका खेलेको देखिन्छ । यिनै विभिन्न विशेषताहरूले गर्दा भजन चुड्काहरूको अध्ययन अनुसन्धान र संरक्षण कार्य अत्यन्त आवश्यक रहेको हुँदा यो अध्ययन पत्र तयार गरिएको छ ।

## १.२ अध्ययन पत्रको शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक 'पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको सङ्कलन अध्ययन र विश्लेषण' रहेको छ ।

## १.३ अध्ययन पत्रको प्रयोजन

प्रस्तुत अध्ययन पत्रको प्रयोजन त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय पृथ्वी नारायण क्याम्पस नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५४०-६) लोक साहित्य अन्तर्गत पचास पूर्णाङ्कको अध्ययन पत्रको प्रयोजनका लागी प्रस्तुत गरिएको हो ।

## १.४ समस्या कथन

नेपाली जनजीवनमा आदि कालदेखि अन्तर्निहित रहँदै आएको लोकसाहित्य भित्रको लोकगीतको एक भेदका रूपमा रहेको भजन चुड्काको अध्ययन अनुसन्धान कार्य गर्ने काम कमै मात्रामा भएको पाइन्छ । त्यसैले भजन चुड्का पश्चिमी संस्कृतिको बढ्दो प्रभाव तथा नयाँ पुस्तामा परेको असरका कारण लोपोन्मुख अवस्थामा पुग्न लागेको देखिएकाले उक्त पुर्खाको चिनारी र सभ्यताको परिचायक सोपानका रूपमा खोजमूलक कार्य गरिएको छ । पौवैगौंडे क्षेत्रका भजन चुड्काहरूको अध्ययन, सङ्कलन र विश्लेषण कार्य आवश्यक देखिएकोले पूरा गर्ने ध्येय राखिएको छ । अतः प्रस्तुत अध्ययन पत्र निम्न लिखित समस्याहरूमा रहेका छन् ।

१. पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको सङ्कलन गर्नु ?
२. पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको अध्ययन विश्लेषण कसरी गर्नु ?

## १.५. अध्ययन पत्रको उद्देश्य

माथि उल्लेख गरिएका अध्ययनगत समस्याहरूको समाधान गर्नु नै यसको मुख्य उद्देश्य रहेको हुँदा  तिनको निम्नअनुसार समाधान पहिल्याउने उद्देश्य राखिएको छ ।

१. पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको सङ्कलन गरेर,

२. पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको अध्ययन विश्लेषण गरेर ।

## १.६. पूर्वकार्यको समीक्षा

स्याङ्जा जिल्लाको  पौवैगौंडे क्षेत्रमा पाइने भजन चुड्काहरूको समष्टिगत अध्ययन भएको कृति उपलब्ध नभएको हुँदा यस अध्ययन पत्रमा अन्य ठाउँहरूका मात्र कताकति फुटकर लेख र सामान्य परिचयात्मक कृति पाइए तापनि समग्रमा अध्ययन अनुसन्धान तथा सङ्कलन र विश्लेषण भएको पाइएको छैन । उपलब्ध भजन चुड्का गीत सम्बन्धी चर्चा गरिएका केही कृति र कृतिकारहरूको विवरण निम्न लिखित रहेका छन्:

**क) कालीभक्त पन्त - 'हाम्रो संस्कृति इतिहास'**

२०२८ सालमा प्रकाशित भएको यस पुस्तकको पृ.स. २१२ मा भजनगीत भनी उल्लेख गरिएको छ । तर वर्गीकरण भने गरिएको छैन । साथै स्याङ्जा जिल्ला पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्कालाई कतै पनि समावेश गरिएको छैन ।

**ख) देवीप्रसाद बनवासी - 'आँधीखोले लोकसंस्कृति'**

चित्रलेखा २०५५ सालमा प्रकाशित यस पुस्तकको पृ.स. २३ मा आँधीखोले भजन चुड्का र ख्याली नामक शीर्षक दिएर आरती भजनको उल्लेख गरिएको छ तर अन्य उदाहरण तथा वर्गीकरण गरिएको पाइँदैन ।

**ग) धर्मराज थापा- 'गण्डकीको सुसेली'**

ने.रा.प्र.प्र. काठमाडौं २०३० सालमा प्रकाशित यस पुस्तकको पृ.स.१६४ मा स्याङ्जा जिल्लाकै सतौंमा पाइने लोकगीत बारे चर्चा गरिएको छ तर स्याङ्जा जिल्लाकै पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काका बारेमा कतै उल्लेख गरेको पाइँदैन ।

**घ) धर्मराज थापा र हंसपुरे सुवेदी -'नेपाली लोक साहित्यको विवेचना'**

त्रि.वि.पा.वि.के २०४१ सालमा प्रकाशित यस पुस्तकको पृ.स. ९६ मा चुड्के ख्यालीको उदाहरण दिइएको छ भने भजन चुड्काका बारेमा स्पष्ट धारणा उल्लेख गरी उदाहरण दिनेकाम अधुरो नै रहेको छ ।

**ङ) नारायण प्रसाद अधिकारी - 'ज्याग्दीखोले लोकगीतको सङ्कलन'**

'ज्याग्दीखोले लोकगीतको सङ्कलन' अध्ययन र वर्गीकरण स्नातकोत्तर तह शोधपत्र २०४३ मा भजनहरूको चर्चा गरिएको छ तर स्याङ्जा जिल्लाको पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्कालाई समेटिएको पाइदैंन ।

**च) शिवप्रसाद पोखेल -'आँधीखोले भजन चुड्काको अध्ययन वर्गीकरण र विश्लेषण'**

स्नातकोत्तर तह शोधपत्र २०५० यस शोधपत्रको पृ.३२ मा आँधीखोले भजन चुड्का नाम दिएर विस्तृत रूपमा अध्ययन गरेको पाइन्छ तर स्याङ्जा पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्कालाई कहि कतै समावेश गरिएको देखिदैन ।

**छ) तुलसीप्रसाद चापागाईं - 'देउपुर क्षेत्रमा प्रचलित लोक भजनको सङ्कलन विश्लेषण'**

'देउपुर क्षेत्रमा प्रचलित लोक भजनको सङ्कलन वर्गीकरण र विश्लेषण' २०६३ शोधपत्रमा लोक भजनहरूको सङ्कलन वर्गीकरण गर्ने कार्य गरिएको छ तर भजन चुड्काहरूका बिचमा रहेको भिन्नता उल्लेख गरिएको छैन ।

## १.७. अध्ययनको औचित्य

लोक साहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत एक महत्त्वपूर्ण विधा हो । यसै गीतको एक भेदका रूपमा भजन चुड्काहरूको सङ्कलन अध्ययन गर्ने क्रममा पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको सङ्कलन अध्ययन विश्लेषण गर्नु नै यस अध्ययन पत्रको औचित्य रहेको छ । साथै यसले आगामी पुस्ताहरूलाई धार्मिक सांस्कृतिक महत्त्व प्रदान गर्ने अभिलाषा राखिएको छ ।

## १.८. अध्ययनको क्षेत्र र सीमा

स्याङ्जा जिल्लाभरि भजन चुड्का गीत विभिन्न लयमा गाइने भए तापनि प्रस्तुत अध्ययन पत्रमा पौवैगौंडे क्षेत्रमा गाइने भजन चुड्का गीतको मात्र अध्ययन गर्नु यस अध्ययन पत्रको सीमा रहेको छ ।

## १.९. सामाग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन पत्र पूरा गर्नको लागि निम्न बमोजिमका विधिहरू अपनाइएको छ ।

स्याङ्जा जिल्लाको पौवैगौंडे क्षेत्रको स्थलगत अध्ययन भ्रमण गरी भजन चुड्का गाउने व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी छलफल विधि, प्रश्नोत्तर विधि, अन्तरवार्ता जस्ता विधिहरू अपनाइएको छ । भजन चुड्का सङ्कलनका क्रममा आवश्यक पर्ने यथोचित उपकरणहरू प्रयोग गरिएको छ । अतः प्रस्तुत अध्ययन पत्रमा निम्न विधिहरूको प्रयोग गरिएको छ ।

क) क्षेत्रीय विधि - (सम्बन्धित क्षेत्रको प्रत्यक्ष स्थलगत अध्ययन भ्रमण)

ख) पुस्तकालयीय विधि-(सम्बन्धित शीर्षकका कृति तथा अध्ययन पत्रहरू)

ग) प्रश्नोत्तर विधि - (छलफल, प्रश्नोत्तर, अन्तरवार्ता)

## १.१० अध्ययन पत्रको रूपरेखा

अध्ययन पत्रलाई सुव्यवस्थित गर्न निम्न अध्याय वा शीर्षकहरूमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| प्रथम अध्याय | : | विषय परिचय |
| द्वितीय अध्याय | : | स्याङ्जा जिल्लाको पौवैगौंडे क्षेत्रको परिचय |
| तृतीय अध्याय | : | लोक साहित्यक सिद्धान्तका सन्दर्भमा भजन चुड्काको चिनारी |
| चतुर्थ अध्याय | : | पौंवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरुको सङ्कलन, अध्ययन र विश्लेषण |
| पञ्चम अध्याय | : | उपसंहार, निष्कर्ष |
| | | परिशिष्ट |
| | | सन्दर्भकृति सूची |

# द्वितीय अध्याय

# स्याङ्जा जिल्लाको पौवैगौंडे क्षेत्रको परिचय

## २.१. स्याङ्जा जिल्लाको भौगोलिक परिचय

नेपाल प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले सजिएको मुलुक हो । पूर्व मेचीदेखि पश्चिममा महाकालीसम्म सौन्दर्यका लहराहरू फैलिएका छन् । अनेकतामा एकता नै नेपाल नेपालीहरूको विशेषता र गौरब हो । यस्तै प्राकृतिक र सांस्कृतिक महत्त्वले भरिएका जिल्लाहरूमध्ये स्याङ्जा पनि एक महत्त्वपूर्ण जिल्ला हो । यहाँको प्राकृतिक दृश्य र सांस्कृतिक विविधताले स्वदेशमा मात्र नभएर विश्वका कुना काप्चामा समेत ख्याती कमाएको पाइन्छ ।

स्याङ्जा जिल्ला गण्डकी अञ्चल अर्न्तगत पर्ने ६ वटा जिल्लाहरूमध्ये सानो क्षेत्रफल ओगटेको एक पहाडी जिल्ला हो । पूर्व शाह वंशीय राजाका पुर्खाले सर्वप्रथम राज्य गरेको हुनाले इतिहासमा यो जिल्लाको नाम अग्र पङ्क्तिमा आउँछ । स्याङ्जा जिल्लालाई दक्षिण बाहिनी हुँदै कालीगण्डकी मिसिने आँधीखोलाले दुई भागमा विभाजित गरेको छ । यही आँधीखोलाको किनारमा दायाँवायाँका पहाड पर्वतमा भुरे टाकुरे राजाहरूले एकीकरण पूर्व राज्य गर्दथे ।

विश्व मानचित्रमा यो जिल्ला २७$^{\circ}$२५" देखि २८$^{\circ}$ १३" उत्तरी अक्षांश र ८३$^{\circ}$ २७" देखि ८४$^{\circ}$४६" पूर्वी देशान्तरमा फैलिएको छ । पहाडी जिल्लाहरूमा ठुला क्षेत्रफल ओगटेको मानिने यो जिल्लाको क्षेत्रफल ११६४ वर्ग कि.मि. छ । यो जिल्ला समुन्द्र सतहबाट ३६६ मिटर देखि २५१,२ मिटर सम्म उचाइमा रहेको छ । यस जिल्लाको सदरमुकाम स्याङ्जा बजार ८५० मिटरको उचाइमा रहेको छ । पूर्वमा तनहुँ, पश्चिममा गुल्मी तथा पर्वत उत्तरमा कास्की, दक्षिणमा काली गण्डकी नदीले पाल्पासँग सिमाना छुट्याएको छ । यस जिल्लाको हावापानी १५% उष्ण जलवायु ७०% समशितोष्ण जलवायु र १५% शितोष्ण जलवायुले युक्त रहेको छ । यस जिल्लाको अधिकतम तापक्रम २८,३०$^{\circ}$ से. र न्यूनतम तापक्रम ९.५० से. र औषत बर्षा वार्षिक २६६५ मि.मी. रहेको छ । पहाडी मध्ये घनावस्ती युक्त जनजीवन यस जिल्लामा रहेको छ । सबैभन्दा बढी जनसङ्ख्या पुतली बजार नगरपालिकामा रहेको छ । सबैभन्दा कम जनसङ्ख्या बागेफड्केमा रहेको छ । धार्मिक जीवनमा राम्रो आस्था राख्ने यस जिल्लामा ९४.३९ हिन्दू, ४.९१ बौद्ध, २.७० प्रतिशत अन्य धर्मावलम्वीहरू रहेका छन् । यस जिल्लामा दाँया क्षेत्रमा छाङ्छाङ्दी, गह्रौंकालिका,

मनकामना मन्दिर, आलमदेवी मन्दिर, चण्डिकालिका मन्दिर, राम्दीघाट, कैलाश गुफा, रापाकोट एककाने गुफा, पञ्चमूल सिरुबारी, कोल्मा, पञ्चासे नुवाकोट लगायत विभिन्न धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थानहरू रहेका छन् । यस जिल्लामा तिन नगरपालिका पुतलीबजार, वालिङ र चापाकोट रहेका छन् । यस जिल्लामा ५७० प्रा.वि., १५२ नि.मा.वि., ९९ मा.वि., र १८ उ.मा.वि. र ३ वटा क्याम्पस रहेका छन् । यस जिल्लामा ३ वटा जलविद्युत केन्द्रहरू (सेतीखोला, आँधीखोला, कालीगण्डकी 'ए' जलविद्युत परियोजना) रहेका छन् ।

नेपालको हालसम्म निर्माणाधिन जलविद्युत आयोजनाहरूमध्ये कालीगण्डकी 'ए' जलविद्युत आयोजनाबाट १४४ मेघावाट विद्युत उत्पादन भइसकेको छ । यो आयोजना यस जिल्लाको श्रीकृष्ण गण्डकी गा.वि.स.मा पर्दछ । यस जिल्लामा पेशागत रूपमा विविधता भए तापनि कृषि र पशुपालन यहाँको मुख्य व्यवसाय रहेको छ । कृषि उत्पादनमा धान, मकै, गहुँ, कोदो, जौँ, फापर, आलु, उखु, सुन्तला, कफी, अदुवा लगायत विभिन्न जातका तरकारी प्रचुर मात्रामा उत्पादन गरिन्छ । यस जिल्लामा परम्परादेखि विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दै आइरहेका छन् । ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, ठकुरी, नेवार, सन्यासी, माझी, कुमाल, दमाई, कामी, सार्की लगायतका अन्य विभिन्न जात जातिका मानिसहरूको बसोबास भए तापनि यिनीहरूबिच सुमधुर सामाञ्जस्यपूर्ण सम्बन्ध रहेको छ । यस्तो हुनु विकासको निम्ति एक महत्त्वपूर्ण पूर्वाधार हो । यो जिल्लामा विभिन्न जाति र धर्म मान्ने मानिसहरू बसोबास गरे तापनि यहाँका सबै जातिहरूले नेपाली भाषालाई सजिलैसँग बोल्न र बुझ्न सक्छन् । कृषि उत्पादनका दृष्टिले यो क्षेत्र महत्त्वपूर्ण मानिन्छ । सुन्तला जस्तो नगदेबाली लगायत गण्डकी अञ्चलमा सबैभन्दा बढी गाई भैँसीपालन गरी अत्याधिक मात्रामा दुध उत्पादन गरिएको पाइन्छ । यहाँ तामा, फलाम, सिङ्गमरमर जस्ता खानीको पनि राम्रो सम्भाव्यता रहेको अनुमान गरिन्छ ।

स्याङ्जा जिल्ला नेपालको मध्य पहाडी प्रदेशको झण्डै मध्य भागमा पर्न आउँछ । यस जिल्लाले उत्तरमा हिमाल वा दक्षिणमा महाभारत लेक दुवैलाई छोएको छैन । यस जिल्लाको भू-भाग घुमाउरो पर्वत श्रेणी र होचा डाँडाकाँडाले भरिएको छ । यस जिल्लाको उत्तरी सीमान्त प्रदेश उत्तर पश्चिममा रहेका एक दुई अग्ला पर्वतका टुप्पाहरू बाहेक सामान्य अन्य सबै पहाडहरू उत्तरबाट दक्षिणतर्फ होचिँदै गएका र सौम्य प्रकृतिका छन् । यहाँका अनेकौ साँगुरा खोँच भीरपाखा, डाँडाकाँडा थुम्का फाँटहरूले यहाँको भू-दृश्यलाई रमणीय तुल्याएको छ । यस जिल्लाका प्राय अग्ला डाँडाहरू नाङ्गा र खुइलिएका पाइन्छन् । वनजङ्गलको कमीले गर्दा बाढी, पहिरो र भू-क्षयको समस्या चर्कँदै गएको छ । यस जिल्लाको पश्चिमी भागमा सुरु भएर दक्षिण सीमाना कायम गर्दै गण्डकी नदी बगेको छ । यस जिल्लाको झण्डै मध्यभागबाट आँधीखोला उत्तरी भागबाट फुस्रेखोला, पूर्वी भागबाट

बाडखोला बगेर गएको छ । यो नदी तथा खोलाका किनारमा अनेकौं ठुला फाँटहरू बनेका छन् । यी फाँट तथा टारहरू पहाडको फेदीमा निकै कम उचाइमा रहेका छन् । चापाकोटटार र वरपरका टारहरू मोटामोटी ३६६ मीटरको उचाइमा रहेका छन् । मुस्ताङ जिल्लाबाट उत्पत्ति भएर आएको कालीगण्डकी नदीले गुल्मी र पाल्पासँग यस जिल्लाको सीमा छुट्याएको छ । यो जिल्लाको एक महत्त्वपूर्ण आँधीखोला कार्कीनेटादेखि दक्षिण पूर्वपट्टि पर्ने डहरे लेकको पश्चिमी भाग अन्धाअन्धी दहबाट उत्पन्न हुन्छ । यो खोला जिल्लाको उत्तरी पश्चिमी भेगबाट शुरु भई अनेक मोड लिँदै स्याङ्जा पुतलीखेतसम्म पूर्वतिर र त्यहाँदेखि वालिङसम्म अनि भकुण्डेदेखि यो खोला गहिरो खोँच पश्चिम तिर तीव्र गतिमा बगेर गएको छ । यो खोला शिरदेखि पुच्छारसम्म ६६ कि.मि. लामो छ । यो आँधीखोलाबाट जलविद्युत परियोजना मार्फत् ५१०० कि.वा. विद्युत उत्पादन भएको छ भने वर्षा याममा यो खोला प्रचण्ड रूपले बढ्ने गर्दछ । मध्य पहाडी क्षेत्रमा अवस्थित ठुलो भौगोलिक विषमता नभएकाले यहाँको जलवायुमा धेरथोर एकरूपता भएको पाइन्छ । भू-सतहमा उचाइ र जलवायुको विविधता अनुसार यहाँ सदाबहार जङ्गल र पतझड जङ्गल गरी मिश्रित जङ्गल रहेको छ । यहाँ धूपी, सल्ला, खयर, चिलाउने, कटुस, सिमल, साल, पिपल आदि जातका वृक्षहरू पाइन्छन् । कालीगण्डकीको किनारमा कतै कतै सँधै हरियो रहने उष्ण प्रदेशीय वन जङ्गलहरू पनि पाइन्छन् । धेरै भागमा वनजङ्गल भएकाले यस जिल्लामा विभिन्न प्रकारका जङ्गली पशुपंक्षीहरू पाइन्छन् । जसमा चितुवा, भालु, दुम्सी, खरायो, ढेडुबाँदर, स्याल, मलसाँप्रो, मृग, वनबिरालो आदि पाइन्छन् । पशुपंक्षीमा कालिज, तित्रा, वनकुखुरा, ढुकुर, च्याँखुरा, लुइँचे, सुगा, डाङ्ग्रे, जुरेली, चाचर, रानीचरी, कोइली लगायत अन्य विभिन्न किसिमका पंक्षीहरू पर्याप्त मात्रामा पाइन्छन् तर यी पशुपंक्षीको संरक्षण भने हुन सकेको छैन ।

यी पहिचान बाहेक लोक संस्कृतिका दृष्टिले पनि स्याङ्जा जिल्लाको छुट्टै विशेषता रहेको छ । लोक संस्कृतिको केन्द्रविन्दुको रूपमा रहेको गण्डकी अञ्चल र त्यसमा पनि स्याङ्जा जिल्ला नेपालकै सांस्कृतिक इतिहासमा उद्गम स्थलको रूपमा परिचित छ । विकासका पूर्वाधारका दृष्टिकोणले यो जिल्ला नेपालको सुगम पहाडी जिल्ला अन्तर्गत पर्दछ । माथि उल्लेखित सम्पूर्ण कुरालाई हेर्दा स्याङ्जा जिल्लाको विकासमा विभिन्न प्रविधि र प्रकृतिका प्रगतिमय आधार स्तम्भहरू खडा हुँदै गएका छन् (जिल्ला विकास समिति स्याङ्जा) ।

## २.२. पौंवैगौंडे क्षेत्रको परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल, स्याङ्जा जिल्ला सदरमुकामदेखि ३ कि.मि. उत्तरमा पौंवैगौंडे क्षेत्र रहेको छ । पुतलीबजार नगर पालिकासँगै जोडिएको यस क्षेत्रको क्षेत्रफल ६३६ वर्ग कि.मि. रहेको छ । यसको उचाई ७७५ मि.देखि १६५० मिटरसम्म

रहेको छ । यहाँको हावापानी समशितोष्ण खालको र न्यूनतम तापक्रम ३ डिग्री से. अधिकतम तापक्रम ३२.४ डि.से. रहेको छ । स्याङ्जा जिल्लामा रहेका २ नगरपालिका सहित ६० गा.वि.स.हरूको आ-आफ्नै परिचय र विशेषता रहेका छन् । यसै समूहमा आफ्नै छुट्टै र विशेष विशेषता बोकेको यस पौवैगौंडे क्षेत्रको आफ्नै पहिचान र इतिहास रहेको पाइन्छ ।

पौवैगौंडे क्षेत्रको नामकरण वीर बलभद्रले वि.सं. १८७२ तिर बनाएको पौवा हाल आएर भत्किएको अवस्थामा रहेको छ । पहिले पहिले काठमाण्डौ जाने आउने बटुवाहरू यस पौवामा बास बस्दथे । यो पौवा पहिला धेरै ठुला रहेकोमा हाल आएर भत्किएको कारण केही सानो अवस्थामा छ । यही पौवाको नामबाट पौवैगौंडे नाम रहन गएको भन्ने जनश्रुति रहेको छ । यस पौवाको निम्ति गुठी जग्गाको पनि व्यवस्था गरिएकोमा संरक्षणको अभावमा लथालिङ्ग भएको छ । यो पौवा हालको पौवैगौंडे गा.वि.स. वडा नं. ७ मा पर्दछ । तसर्थ यसै पौवाको नामबाट यस क्षेत्रको नाम पौवैगौंडे रहन गएको जनश्रुति पाइन्छ ।

## २.२.१. भाषा

यस क्षेत्रका सबै समुदायहरूले सामाजिक रूपमा नेपाली भाषा बोल्दछन् । मातृभाषाका रूपमा बोलिने नेपाली बाहेकका अन्य भाषाहरूको प्रयोग घरपरिवारमा मात्र सीमित हुँदै गएको छ । मातृभाषाको विस्तारको कमीले गर्दा सो भाषाको विकास हुन सकेको छैन । यस क्षेत्रमा नेपाली मातृभाषा बोल्नेको सङ्ख्या वडा नं. १ म २०१ परिवारमा १००२ जनाले बोल्दछन् भने वडा नं. २ मा ५५ परिवारमा २८८ जनाले त्यस्तै वडा नं. ३ मा १०९ परिवारमा ६५९ जनाले त्यस्तै वडा नं.४ मा २९ परिवारका १६६ जनाले, वडा नं. ५ मा ३२ परिवारका १७९ जनाले, ६ वडाका १३२ परिवारका ७३७ जनाले, वडा नं. ७ मा ५७ परिवारका ३२८ जनाले, वडा नं.८ मा ५२ परिवारका ३३४ जनाले र अन्त्यमा वडा नं. ९ मा ७५परिवारका ४३३ जनाले नेपाली मातृभाषा बोल्दछन् भने मगर मातृभाषा बोल्ने वडा नं. २ मा २३ परिवारमा १२० जनाले मात्र बोल्दछन् । त्यस्तै गुरुङ भाषा बोल्ने वडा नं. ४ र ५ मा ५१ परिवारका २४७ जनाले गुरुङ भाषा नै बोल्दछन् गा.वि.स.प्रतिवेदन (२०६९) ।

## २.२.२. धर्म

यस क्षेत्रमा विभिन्न जातिका मानिसहरू बसोबास गर्दै आइरहेका छन् । आ-आफ्नो जातीय रीति स्थितिका धर्महरू भए तापनि यस क्षेत्रका सबै जातिहरूले हिन्दु धर्म नै मान्ने गरेको पाइन्छ । त्यसकारण धार्मिक दृष्टिले हिन्दू धर्मप्रति नै बढी आस्थावान् रहेको देखिन्छ । हिन्दु धर्म मान्ने ७७५ परिवारका ४२४७ जना रहेका छन् भने ५१ परिवारमा बौद्ध धर्म २८७ जनाले मान्दै आएको पाइन्छ गा.वि.स प्रतिवेदन (२०६९) ।

### २.२.३. शैक्षिक स्तरको विवरण

| वडा नं.<br>शिक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रवेशिका | ९४ | ४० | २५ | २८ | ७८ | ७० | ३८ | ३२ | ३८ | ४४३ |
| प्रविणता प्र.प. तह | ९३ | ३३ | ४ | १५ | २५ | ३४ | २१ | ९ | १६ | २५० |
| स्नातक तह (बि.ए) | ४३ | ९ | २ | १ | ३ | ११ | १४ | ४ | १ | ८८ |
| स्नातकोत्तर (एम.ए) | ९ | १ | | | १ | २ | १ | | ३ | १८ |
| विद्यावारिधि(पिएच.डी) | | | | | | १ | | | १ | २ |

स्रोत : गा.वि.स.प्रतिवेदन (२०६९) ।

### २.२.४. पौवैगौंडे क्षेत्रमा रहेका विद्यालय वा क्याम्पस संख्या

| वडा नं.<br>विद्यालय | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्वप्राथमिक | | | १ | | | | | | | १ |
| प्राथमिक | | १ | | १ | १ | | १ | १ | १ | ६ |
| निम्न माध्यमिक | १ | | | | | | | | | १ |
| माध्यमिक | | | | | | | | | | |
| उच्च माध्यमिक | | १ | | | | | | | | १ |
| क्याम्पस | | | | | | | | | | |

स्रोतः गा.वि.स.प्रतिवेदन (२०६९) ।

यसरी यस क्षेत्रको परिचय दिने क्रममा जे जस्ता सामग्रीहरू प्राप्त भएका छन् सोही बमोजिम संक्षेपमा दिने काम भएको छ ।

## २.३ धार्मिक ऐतिहासिक तथा सामाजिक दृष्टिमा पौंवैगौंडे क्षेत्रका मन्दिरहरु

यस क्षेत्रमा रहेका भैरव कालिका मन्दिर, कालिका मन्दिर, चण्डी मन्दिर, सुनकेसरी देवीको मन्दिर, शितलादेवी मन्दिर, शिवालय, पौवा लगायतका स्थानहरूमा  हालसालै बन्दै गएका मठ मन्दिरले समेत यो क्षेत्र धार्मिक ऐतिहासिक तथा सामाजिक दृष्टिले महत्त्वपूर्ण स्थल हो भन्नु अत्युक्ति नहोला ।

यस क्षेत्रमा आदि कालदेखि प्रचलित तथा विकसित हुँदै आएका मध्ये केही धार्मिक ऐतिहासिक मन्दिर यस प्रकार रहेका छन् ।

### २.३.१ भैरवकाली मन्दिर

इतिहासको गर्भभित्र राजनैतिक महत्त्व बोकेको नुवाकोटले यस क्षेत्रको धार्मिक महत्त्व बोकेको छ । नुवाकोट स्थित 'भैरवकाली' यस क्षेत्रको लागि प्रसिद्ध एवम् चर्चित देवताको रूपमा मानिन्छ । नुवाकोटको डाँडामा अवस्थित यस भैरवकाली मन्दिरले परम्परादेखि यस क्षेत्रका जनताको आस्था र विश्वास जमाउँदै आएको छ । नुवाकोट दरबारको छेउमा रहेको जङ्गलको बिचमा अवस्थित यो मन्दिर सानो तथा सुन्दर छ । यस मन्दिरलाई स्थानीय भाषामा 'नुवाकोट कालीभैरव' भनी सम्बोधन गर्ने गरिन्छ ।

यस भैरवस्थान वरिपरि असरल्लै अवस्थामा रहेका गाह्रा, जग, भित्ता, किल्लाका सामाजिक संरचना, रानीले कपाल कोर्ने भनिएको ठुला छपनी बाटामुनिको रानीको पोखरी र चौताराहरू साथै लाँकुरीको रुख सबै बेवारिसे अवस्थामा रहेका छन् । पहिले पहिले ढुङ्गा र माटाको गाऱ्हो बनाई खरले छाएको थियो । हाल सिमेन्ट, ढुङ्गा, गिटी, बालुवाले ढलान गरी बनाइएको छ । मन्दिरको ढोका ग्रिलबाट बनाइएको छ । मन्दिरभित्र विभिन्न महानुभावहरूद्वारा चढाइएका घण्टी, तरबार, खुकुरी साथै पुराना मूर्तिहरू रहेका छन् । मन्दिरको वरिपरि पुराना ईंटाका टुक्राहरू छरिएर रहेका छन् ।

### २.३.२. कालिका मन्दिर

परम्परादेखि दशैंमा मात्र पूजा गर्ने यो मन्दिर पहिले ढुङ्गाले छाएर बनाइएकोमा हाल आएर धुरी टिनले र पाली ढुङ्गाले छाएर बनाइएको छ । यो मन्दिरभित्र भगवती देवीको अति सुन्दर मूर्ति रहेको छ । भक्तजनहरूले चढाएका शङ्ख, घण्ट, खुँडा, तरबारले साथै विभिन्न ढुङ्गे मूर्तिहरू यस मन्दिरमा रहेका छन् (रेग्मी, २०५८) ।

### २.३.३. चण्डी मन्दिर

कालिका मन्दिर भन्दा केही तल चण्डीदेवीको मन्दिर रहेको छ । मन्दिरमा ठुला ठुला ढुङ्गाबाट निर्माण गरिएको चण्डी मन्दिर चण्डी भगवतीको पुरानो ढुङ्गे मूर्ति रहेको छ । यो मन्दिरको वरिपरि ठुला ठुला ढुङ्गाका छपनी छन् । यो मन्दिरमा पनि बडा दशैं र चैते दशैंमा मात्र पूजा आराधना गरिन्छ । बडा दशैंको घटस्थापनाको दिनमा परम्परागत विधि पूर्वक जमरा राखिन्छ । नौ दिनसम्म दुर्गा पाठ गरिन्छ । यहाँ पनि कालिका स्थानमा झैं बलिदिने, पूजा गर्ने परम्परा रही आएको छ । यस मन्दिरमा पनि भक्तजनहरूले आ-आफ्ना भाकल अनुसार राँगा पाठाका र अन्य पशुपंक्षीको पञ्चवली दिनुका साथै पूजा गर्ने चलन छ ।

### २.३.४. सुनकेशरी देवीको मन्दिर

भैरवकाली मन्दिरभन्दा केही तल कालिका देवीको मन्दिरभन्दा केही माथि सुनकेशरी देवीको मन्दिर रहेको छ । यस मन्दिरको स्थापना सम्बन्धी तिथि मिति एकीन गरी भन्न नसकिए तापनि नुवाकोटका राजाहरूले स्थापना गरिआएको मानिन्छ । पहिले ढुङ्गामाटो तथा फुसद्वारा निर्माण गरिएको यस मन्दिर हाल आएर पौवैगौंडे गा.वि.स. वडा नं. ४ का आमा समूहद्वारा मर्मत गरी जस्तापाताले छाएर बनाइएको छ । यस मन्दिरभित्र सुनकेशरी देवीको मूर्ति लगायत शङ्ख, घण्टहरू रहेका छन् । यो मन्दिर रानीको चौतारोको छेउमा पर्दछ । स्थानीय महिलाहरू बेला-बेलामा यस मन्दिरमा आई पूजा गर्दछन् । यस मन्दिरमा पूजा गर्न कुनै विशेष पर्वको आवश्यकता पर्दैन । त्यसैले बाह्रैमहिना यस मन्दिरमा पूजाआजा गरिन्छ ।

### २.३.५. शितलादेवी मन्दिर

मध्यकालतिर निर्माण भएको यस शितलादेवी मन्दिर जीर्ण अवस्थामा रहेकाले वि.सं. २००० सालतिर स्थानीय जनताद्वारा मर्मत गरिएको थियो । हाल आएर पुनः निर्माण गरी सिमेन्ट गिटी, बालुवा, रडद्वारा ढलान गरी बनाइएको छ । स्थानीय व्यक्तिहरू बेलाबेलामा यस मन्दिरमा पूजा गर्दछन् । मन्दिरमा पूजा गर्नको निम्ति कुनै निश्चित पर्वको आवश्यकता पर्दैन । आफ्ना परिवारहरूको स्वास्थ्य लाभको कामना गर्दै स्थानीय व्यक्तिहरू यस मन्दिरमा धूपध्वजा, अक्षता, फलफुलद्वारा पूजा गर्दछन् । यो मन्दिर हाल पौवैगौंडे गा.वि.स. वडा नं. ६ मा रहेको छ रेग्मी (२०५८:५०) ।

### २.३.६. निष्कर्ष

विभिन्न खोज अध्ययन, अनुसन्धान आदि पक्षलाई हेर्दा यो क्षेत्र एक महत्त्वपूर्ण ऐतिहासिक सन्दर्भभित्र आवद्ध देखिन्छ । साथै धार्मिक गतिविधि समेट्दै अगाडि बढेको सांस्कृतिक उर्वरभूमिका रूपमा समेत परिचित देखिन्छ । इतिहासका गर्भभित्र रहेका यस्ता धार्मिक सांस्कृतिक धरोहरहरू अनि लोक जीवनका बोली (भजन चुड्का) हाम्रै प्रैतृक सम्पत्ति हुन् । तसर्थ यस्ता धरोहरहरूको अध्ययन अनुसन्धान गर्नु समेत अत्यावश्यक छ । यसर्थः यिनै विभिन्न पक्षले समेत पौवैगौंडे क्षेत्र त्यत्तिकै महत्त्वपूर्ण र रहस्यमय देखिएको छ ।

# तृतीय अध्याय

# लोकसाहित्य सिद्धान्तका सन्दर्भमा भजन चुड्काको चिनारी

## ३.१. लोक साहित्यको सैद्धान्तिक परिचय

लोकसाहित्य लोक र साहित्यको समासबाट बनेको शब्द हो । जसको अर्थ हो: लोकको साहित्य, लोक शब्दको प्रयोग हुन जान्छ । यसलाई दुई अर्थमा स्थान र सामान्य रूपमा स्थानवाचक शब्दका रूपमा स्वर्गलोक र मर्त्यलोक जनशब्दको अर्थ सामान्य जनता हो । यसैले यसलाई केही नेपाली र भारतीय विद्वानहरूले 'जनसाहित्य' शब्दको प्रयोग गरेको पनि पाइन्छ तर यसलाई जनसाहित्यको रूप दिनुभन्दा लोक शब्द नै लोक साहित्यको लागि उपयोगी र लोक शब्द कै प्रयोग बढी मात्रामा भएको पनि पाइन्छ । मौखिक र श्रुति परम्पराबाट आउने र एक पुस्ताबाट अर्के पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोक साहित्य हो (आचार्य, २०६८ : ८) ।

लोकको साहित्यलाई लोक साहित्य भनिन्छ । यसको सिर्जना शिष्ट समुदायबाट नभई सामान्य जनसमुदाय वा लोकबाट गरिन्छ । मौखिक रूपमा जीवन्त र कायम रहँदै आएको साहित्य नै लोकसाहित्य हो । अर्को अर्थमा सम्पूर्ण जनमानसको कोमल भावनालाई आख्यान गीत, गाथा, नाटक, उखान र टुक्का विशेषमा अभिव्यक्ति दिने ललित विधा विशेष नै लोक साहित्य हो ।

लोक शब्दको व्युत्पत्ति लोकदर्शन धातुमा धन्न (अ) प्रत्यय जोडेर भएको हो । लोकदर्शन धातुको शब्दार्थ हेर्नु, देख्नुहुन्छ । यसै धातुबाट निर्मित लोक शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला देख्नेवाला भन्ने हुन्छ । यस परिपेक्ष्यबाट लोक शब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय हुन आउँछ । साहित्यका सन्दर्भबाट हेर्दा यस व्युत्पत्तिमूलक अर्थले हेर्ने वा भोग्ने जनसमुदायको साहित्य नै लोकसाहित्य हो भन्ने स्पष्ट सङ्केत दिन्छ (शर्मा र लुइँटेल, २०६३:१२,१३) । गाउँ वा शहर जहाँसुकै रहेको भएपनि शास्त्रीय जटिलताबाट नजेलिएको आदिम मानवले युक्त सरल र सामान्य मान्छे नै लोक हो । त्यही लोकद्वारा सृजित र मौखिक परम्परामा सुरक्षित साहित्यको अभिव्यक्ति नै लोक साहित्य हो (गिरी, २०५७: १९) ।

## ३.२. लोक साहित्यको परिभाषा

कुनै पनि वस्तुलाई परिभाषित गर्ने काम त्यति सहज सरल होइन । मौखिक परम्पराबाट हुर्कंदै आएको दिनानुदिन नवीनतातर्फ उन्मुख रहेको लोक साहित्यको परिभाषा दिनु त्यति सजिलो पनि छैन, तैपनि हाम्रा पूर्वजहरूले त्यसप्रति परिभाषित गरेर ठम्याउने काम गरेका छन् । यसलाई हेर्दा एउटा निक्यौंलमा पुग्न सकिन्छ (कोइराला, २०५५ : २) ।

सजिलो सरल र रम्य भाषामा रचिएको मानवमुटुको स्पन्दनबाट प्रस्फुटित मिठो र आकर्षक मौखिक साहित्य नै लोकसाहित्य हो (थापा र सुवेदी, २०६८ : ८)

लेखन कलादेखि अनभिज्ञ साधारण लोकका बौद्धिक प्रयत्नबाट निर्मित र सिर्जित भाषागत अभिव्यक्ति लोकसाहित्य हो (दिवस, लोक साहित्य ५ आ.नं. सा.आ. ने. नि.) ।

लोकव्यवहारमा लोकहितका निम्ति लोकभाषामा लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ (बन्धु, २०६६ : ११) ।

लोकसाहित्य त्यो हो जसका रङ्गढङ्गको व्याख्या र नियन्त्रण तथा बन्धन कुनै पुस्तकले नगरेको होस् र आफ्नापनका हाँस्य, व्यङ्ग्य शब्द वाक्य र उक्तिहरूको युक्त होस् (बन्धु, २०६६ : ११) ।

उपर्युक्त सबै परिभाषाका प्रमुख लक्षणहरूलाई समेटी लोक साहित्यको परिभाषा यसप्रकार गरिएको छ । लोकज्ञान वा लोकभावनामा आधारित श्रुति परम्पराबाट प्राप्त व्यक्ति विशेषको नभई अपठितहरूबाट सामुहिक ढङ्गले लोकगीत लोक कविता, लोकगाथा, लोककाव्य, लोककथा, लोक नाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाका रूपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ (शर्मा र लुइँटेल, २०६३ : १५) ।

## ३.३. लोक साहित्यका विशेषता

कुनै विषय वा वस्तुमा पाइने खासखास गुणलाई विशेषता भनिन्छ । लोकसाहित्यलाई अन्य सिर्जनाभन्दा भिन्न र मौलिक तुल्याउने गुणहरू नै यसका विशेषता हुन् । यसका विशेषताहरूलाई यसको स्वरूपले झल्काएको हुन्छ । लोक साहित्यका विशेषता निम्न लिखित छन् ।

१) लोकज्ञानको प्रधानता

२) सामूहिक सिर्जनधर्मिता

३) परम्पराको अनुसरण

४)   मौखिक प्रखरता
५)   जटिलतामुक्त संरचना
६)   निरन्तर गतिशीलता
७)   लोकप्रियता

माथिका प्रमुख विशेषता लगायत मौलिकता, हार्दिकता, प्रभावकारिता बोधगम्यता व्यापकता आदि पनि लोक साहित्यका विशेषताहरू हुन् । लोकसाहित्य अन्य कसैको प्रभाव नभई आफ्नै स्रोतबाट स्वतः निःसृत हुने हुँदा यो मौलिक हुन्छ । लोक साहित्यको उत्पति जनसमुदायले भोगेको आफ्नै अनुभूतिबाट मुटुको स्पन्दन सहित अभिव्यक्त हुने हुँदा यसमा अत्यधिक हार्दिकता पाइन्छ । लोक साहित्यले साना-ठुला, उच्च-निम्न, बाल-वृद्ध सबैलाई उत्तिकै आकर्षित गर्ने हुँदा र तिनमा असर समेत पार्ने हुँदा यो अत्यन्त प्रभावकारी हुन्छ । सरल सहज भाषाशैली र संरचनाका कारण यो अत्यन्त बोधगम्य हुन्छ । यसको व्यवहार सम्पूर्ण समुदायले गर्ने हुँदा यसमा व्यापकताको आयाम रहेको पाइन्छ (शर्मा र लुइँटेल, २०६३: १८,१९) ।

## ३.४. लोक साहित्यका विधा

लोक मानसको अलिखित सिङ्गो अभिव्यक्ति विविधतामय र विशालतामा फैलिएको हुँदा यसको वर्गीकरण गर्नु उपयुक्त हुन्छ । भाषिक दृष्टिले हेर्दा गद्यमय, पद्यमय र चम्पू ३ भागमा विभक्त गर्न सकिन्छ भने प्रस्तुतीका आधारमा श्रव्य र दृश्य दुई भागमा त्यस्तै संस्कार बद्ध र संस्कार मुक्त गरेर पनि विभाजनमा रहेका पाइन्छन् । विषयबस्तुका आधारमा हेर्न उपयुक्त देखिने हुँदा सोही बमोजिम लोक साहित्यका विधा विभाजन यस प्रकारले गरेको पाइन्छ ।

१)   लोकगीत
२)   लोक कविता
३)   लोक कथा
४)   लोक गाथा
५)   गाउँ खाने कथा
६)   उखान
७)   टुक्का  (शर्मा, लुइँटेल, २०६३: ४९)

यसरी नै चुडामणि बन्धु, राजेन्द्र सुवेदी र होम सुवेदी आदिले पनि लोक साहित्यको विधा विभाजन गरेको पाइन्छ ।

## ३.५. लोकगीतको सिद्धान्त र परिभाषा

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत एक लोकप्रिय एवम् प्राचीन विधा हो । लोक संसार वा दुनियाँले रुचिपूर्वक गाउने गीत नै लोकगीत हो (शर्मा, २०६५: ११) ।

आदिम कालदेखि नै मानव जातिले अलिखित एवम् मौखिक रूपमा आफ्ना मनका वेदना, छटपटी एवम् खुसी आदान प्रदान गर्नका निम्ति लोकगीतलाई उपयुक्त साधनका रूपमा अँगाले । प्राप्त सामग्रीका आधारमा लोक भावनाको पहिलो सङ्कलन नै वेद हो (पराजुली, २०५७:६२) । समयको गतिसँगै मानिसले लोक जीवनमा देखिएका र भेटिएका वास्तविकतालाई लोकगीतका माध्यमद्वारा पस्कन थाले । वास्तवमा लोकगीत एउटा यस्तो साझा चौतारो हो जहाँ परदेश जाने लाहुरे दाइको कथा, भारी बोक्ने भरीया दाइको कर्म, जीवन साथीसँग बिछोडिएका नारीको मर्म, प्रेममा धोका खाएर जिउनु परेको बिछोडको व्यथा, सुखमय दाम्पत्य जीवनको उमङ्ग, पढ्न नपाएका गुनासा, पढाइ पछि जागिर नपाएका विवशता, बाल्यकालको रमाइलो पन, सङ्गी साथीको मिठो सम्झना, गोठालो जाँदाको कल्पना, खेतालो जाँदाको सम्झना साथै हाँसो र रोदनको कथा व्यक्त भएको हुन्छ । यसरी लोकगीतले सरल र सहज भाषामा अभिव्यक्त गरेका जीवन्त कलालाई लोक साहित्यका रूपमा विकसित गराएर हालसम्म पनि उत्तिकै विशिष्ट स्थान जमाएको छ ।

परिवेश अनुसार लोकगीतको मौलिक विशेषता रहेको सन्दर्भलाई नकार्न सकिँदैन । यसै प्रसङ्गमा हाम्रो देश नेपालमा पनि समाज र संस्कृतिको अनुरूप लोकगीतको मौलिक विशेषता र परम्परा रही आएको छ । लोकगीत जनताको गलाबाट अनवरत बगिरहने छहरा हो । यो स्वच्छ हिम शिखरबाट बगेको कन्चन जल प्रवाह झैँ स्वच्छ र उदास मानव हृदयजस्तै विशाल छ (थापा र अन्य, २०४१: ६०) । नेपाली लोकगीतका माध्यमद्वारा समाजमा देखिएका दुःख पीडा वेदनादेखि लिएर पैसा कमाउनका खातिर विदेशिनु पर्ने नेपालीको बाध्यता, अन्धविश्वास एवम् अन्ध परम्परालाई समेट्दै चेतना छर्ने काम भएको छ । नेपाली लोकगीतले मायाप्रीतिका साथमा समाजमा देखिएका विकृति र विसङ्गतिलाई ट्याप्प टिपेर चेतनाको दियो बाल्ने र समाजलाई सही दिशामा अग्रसर गराउने जस्ता महत्त्वपूर्ण कार्यहरू गरेको पाइन्छ । लोकगीतमा नेपाली समाजको यथार्थ चित्रण रहेको हुन्छ । साथसाथै नेपाली संस्कृतिको जीवन्ततालाई समेत यसले पस्किएको हुन्छ । लोकगीत सम्बन्धी विभिन्न अध्ययन चिन्तन र विश्लेषण गरी सारांशमा हेर्दा आदिकालदेखि मूलतः भक्ति रसबाट प्रभावित हुँदै वीर, हाँस्य, करुण रसहरूले मजबुत बन्दै श्रृङ्गार रसले सजिदै पूर्खाका मनोभावनालाई समेत समेट्दै वन बुट्यान रेखा पाखा घन्काउँदै नदीको प्रवाह झैँ बहदै लयात्मक शैलीकासाथ जनजीवनमा विद्यमान सत्य-तथ्य घटनाहरूलाई समेट्दै वृद्ध वृद्धाका धर्म प्रेरित मनोभावना मात्र नभएर युवायुवतीको लुप्त कुण्ठा र प्रणय जन्य भावना

अनि वियोग वेदना लगायत लोक जीवनको उद्गार प्रस्तुति र समष्टि रूप नै लोक गीत हो (पन्त, २०४३ : ११२) ।

लोकगीतलाई विधागत दृष्टिले स्पष्ट चिनारी दिन लोकगीत तथा लोक साहित्यका विभिन्न अध्येताहरूले आ-आफ्ना प्रकारका तर्क र परिभाषाहरू प्रस्तुत गर्दै आएको पाइन्छ । जसमध्ये केही प्रमुख विद्वान र उनीहरूका परिभाषा यस प्रकार रहेका छन्:

- आदिम स्वतः स्फूर्त सङ्गीतलाई लोकगीत भनिन्छ - पर्सी
- लोकगीत भनेको लोकजीवनको रागात्मक स्वत : स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दु:ख-सु:ख, आँसु-हाँसो,आशा निराशाका साथै लोकका चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरुको चित्रण हुन्छ (बन्धु २०५८:११५) ।
- लोकगीतमा समूहले आफ्ना सामान्य भावावेगको अभिव्यक्ति गर्छ र सामुदायिक परिश्रमको भारलाई हलुका पार्छ (द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका)
- जनसामान्यका बिच प्राचीन कालदेखि लयात्मक रूप र भावनामा सहज किसिमले प्रस्फुटित अवैयक्तिक रचनालाई लोकगीत भनिन्छ (न्यू इन्टरनेसनल इङ्गलिस डिक्सनरी) ।
- “कसैको बक्सिस, लोभ, आशा र स्वार्थमा नपरेका नरनारीहरूको दुखित-पीडित, आक्रान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त , वियुक्त, लिङ्ग, समाज र उमेरका मानिसले कुनै पुस्तको बन्धनले बद्ध नभएको गीत नै लोकगीत हो” (पन्त, २०४३ : ११२) ।
- “लोकगीत लोक साहित्यको सबभन्दा व्यापक र प्रिय अङ्ग हो । समसामयिकताको प्रसङ्गमा वा भावुकता वश उद्गारित होस् स्वच्छ, सहज आत्मबाट प्रस्फुटित कुनै पनि लोकको लय लोकगीत हो” (थापा र सुवेदी, २०४३ : ४७) ।

माथिका सबै परिभाषाहरूलाई समेटेर लोकगीतलाई यसरी परिभाषा गरिएको छ :

लोकभावना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ (शर्मा र लुइँटेल, २०६३ : ७३) ।

प्रस्तुत परिभाषाहरूलाई हेर्दा के स्पष्ट हुन्छ भने नेपाल लोकगीतको आदि प्राचीन महत्त्व बोक्दै आएको स्थल हो । नेपाली जन जीवनमा तमाम विशेष विद्वान एवम् अध्येता तथा अनुसन्धाताहरू रहेका र आ-आफ्ना प्रकारका अवधारणाहरू प्रस्तुत गरेका छन् । लोकगीतले विशेष गरी अकृतिम सहज एवम् प्रकृति नजिकको वातावरण तथा सो क्षेत्रमा आफ्नो जीवन

यापन गर्ने मानव समुदायको गहिराईलाई प्रस्तुत गरेको हुन्छ । यसले कृतिम नाटकीय भन्दा पृथक रहेर अकृतिम र स्वतःस्फूर्त जनमानसमा विद्यमान मानव समुदायको भावना एवम् चिन्तनलाई गीति लयका माध्यमबाट प्रस्फुटन गर्दछ । यसरी हेर्दा अभिव्यक्तिमा पाइने सङ्गीतात्मकता हृदयलाई लोभ्याउने गुण सङ्गीतका मधुर झङ्कारका माध्यमबाट मानव हृदयमा विद्य्यमान विविध भावनालाई गीति माध्यमबाट अभिव्यक्त गराइदिने साहित्यिक विधा नै लोकगीत हो (पराजुली, २०४९ : १०) ।

## ३.६. लोकगीतको वर्गीकरण

लोकगीतको इतिहास क्षेत्र र आधारलाई निश्चित वर्गीकरण तथा किटानी गर्नु सहज पक्ष होइन । यद्यपि लोकसाहित्यलाई विशेष रूपले अध्ययन गर्दै आएका अध्येताले यस प्रकारमा वर्गीकरण गरी अध्ययन गरि आएको देखिन्छ । जुन निम्न लिखित छन्:

**सहभागिताका आधारमा**

१) एकल गीत २) दोहोरी गीत ३) सामूहिक गीत

**लय वा भाकाका आधारमा**


१) द्रूत लय २) मध्यमलय ३) विलम्वित लय

**प्रकार्यका आधारमा**

१) धार्मिक गीत २) संस्कार सम्बन्धी गीत ३) व्रतगीत

४) पर्वगीत ५) श्रमगीत (बन्धु, २०४८: १२१) ।

यसरी विभिन्न प्रकारका वा लोक साहित्यका अध्येताको निष्कर्षलाई समेत अध्ययन गर्दा भजन चुड्का चाहिँ धार्मिक गीत तथा अनुष्ठानमूलक गीत अन्तर्गत परेको देखिन्छ । यसरी लोकगीत सम्बन्धी अभिमतलाई हेर्दा विभाजन प्रकृया फरक देखिए तापनि सारांशमा एउटै देखिन्छ । धेरैका दृष्टिकोणहरू मिल्दाजुल्दा देखिन्छन् । अतः लोकगीतलाई विषयगत आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छ ।




## ३.७. भजन चुड्का शब्दको अर्थ/परिभाषा

भजनशब्द भज् धातुमा अन् (ल्युट) प्रत्यय लागेर (भज्+अन=भजन) बनेको शब्द हो । भजनलाई शाब्दिक अर्थका आधारमा प्रस्टाउने क्रममा नेपाली बृहत शब्दकोश (ने.रा.प्र.प्र. :९३७/३९८) मा भजनको अर्थ आराध्य देव देवीको र गुरु आदि नाम महिमा बारम्बार लिने र गाउने काम, नाम संकीर्तन, गुणगान कुनै देवदेवीको गुण वर्णन गरिएको गीत भनी उल्लेख गरिएको छ ।

चुडामणि बन्धुले नेपाली लोक साहित्य पुस्तकमा (२०६६ : १५३) पूजाका अवसरमा सामूहिक रूपले खैजडी, मुजुरा बजाई देवदेवीको गुणशक्ति र सामर्थ्यलाई रागात्मक रूपमा गाइने विशिष्ट प्रकारको गीत भजन हो भनी परिभाषा गरेका छन् । अर्का कृष्ण प्रसाद आचार्यले (२०६३: ३७०) मा मन्द र शान्त ढङ्गले मस्त तालमा देवी देवताको शक्ति सामार्थ्य र स्वभावको महिमा गान नै भजन हो भनी परिभाषित गरेका छन् ।

यसरी भजन चुड्का भन्ने बित्तिकै कुनै पवित्र पर्व वा उत्सवमा खैंजडी, मादल, मुजुराको सहयोगद्वारा गाइने टुक्काहरूलाई स्मृति गराउँछ । भजन चुड्कामा पूजा गरिएका देवदेवीहरूको गुण, शक्ति र सामर्थ्यको बयान गरिएको छ । धर्म परायण नेपाली जनता आफ्ना घरमा सत्यनारायण, भागवत वा अरु कुनै पूजा सम्पन्न गरेपछि रातभरि बत्ती बालेर जाग्राम बस्छन् । एकादशी, माघेसङ्क्रान्ति, शिवरात्री जस्ता धार्मिक पर्वहरूमा पनि पवित्र स्थलमा गई सामूहिक रूपले भजन गर्ने चलन छ । कतै कतै एउटाले भजन गाउने र अरुले सुन्ने वा छोप्ने काम गरेको पनि देखिन्छ । प्रायः गाउनेमा पुरुष हुन्छन् भने सुन्ने र भट्याउनेमा पुरुष र स्त्री दुवै हुन्छन् । सबैले सहभागिता जनाउनै पर्छ । मुजुरा र खैजडी बजाएर सामूहिक रूपमा गाइने भजन चुड्काका पनि विभिन्न शैली हुन्छन् । भट्याउनेले

कथालाई अघि बढाउँछ, अन्तमा नारायण भन्छ अनि अरुले हरि हरि भन्छन् । स्थानीय वा क्षेत्रगत रूपमा विविधता रहने स्वर लय वा शैली हिजोआज आएर आधुनिकताको बढ्दो प्रभाव र बौद्धिक बिस्तार अनि सुविधा आदिका कारण एकै खालको हुन खोजेको देखिन्छ । यद्यपि भजन चुड्का शब्दको अर्थ देवदेवी ईश्वरको नाम जप्नु वा आरधना भक्तिभाव व्यक्त गर्नु भन्ने नै मूलरूपमा भजनको अर्थ हो भने भजन चुड्काका समयमा नाच हुनैपर्ने अनिवार्यता हुँदैन तर पूजा लगाउने मुख्य व्यक्ति र तिनका घरका सदस्य र सम्बन्धीहरूलाई नाच्न प्रेरित गरिन्छ र भजनका समयमा नाचेमा धर्म हुन्छ भन्ने जनविश्वासलाई दोहोऱ्याइन्छ भने चुड्का प्राय २/३ ताल वा प्रायः २ ताल (पहिलो मन्द गतिमा र पछिको दृत गतिमा) नाच्न मिल्ने गरी महिला पुरुष दुवैले गाउने भजन विशेष हो (बन्धु, २०६६ : १५३) ।

## ३.८. लोकसाहित्य र भजन चुड्काहरूको सम्बन्ध

लोकसाहित्य मौखिक परम्पराबाट हुर्किएको जनश्रुति हो । यो लोकसाहित्य जनसमाजमा लोकव्यवहार मनोरञ्जन मनोभावना आदानप्रदानका क्रममा स्वाभाविक स्वच्छन्द साथसाथै सरल पाराले गायन अथवा वाचन र श्रवण गरिन्छ । त्यसैले यो लोकसाहित्यमा लोकजीवनको सरलपन हुन्छ । अलिखित काव्यकुञ्ज नै लोकसाहित्य हो भने त्यही लोक समाजका जनसमुदायले मौखिक अलिखित रूपमा सरल र सहज रूपमा मनोरञ्जन आदानप्रदान गर्नको लागि अपठित र सरल मानिसहरूबाट मौखिक रूपमा गाइदै आएको गीत नै भजन चुड्का हो । त्यसैले लोक साहित्यमा जनसमुदाय बिनाको भजन चुड्का सम्भव हुँदैन ।

यसरी लोकसाहित्य र भजन चुड्कालाई तुलनात्मक रूपमा हेर्दा यी दुई बिचको सम्बन्ध नङ र मासुको जस्तो घनिष्ट रहेको पाइन्छ । जसमा युगौं युग पूर्वदेखि मानव भावानुभूतिलाई लोकसाहित्य र भजन चुड्काका माध्यमबाट विभिन्न रसरङ्गमा आधारित भएर अभिव्यक्त गरिन्छ । मनोभावनालाई गीति लयमा व्यक्त गरी आत्म सन्तुष्टि प्राप्त गर्नु भगवानप्रतिको आस्था र नयाँ शक्ति प्राप्त गर्नु यिनको प्रमुख लक्ष्य रहेको पाइन्छ । तसर्थः यी दुईको बिचमा प्रमुख रूपले घनिष्ट सम्बन्ध रहेको हुन्छ भनेर किटानीकासाथ ठोकुवा गर्न सकिन्छ ।

## ३.९. भजन चुड्काहरूका विशिष्ट अभिलक्षणहरू

भजन चुड्काहरूका आफ्नै मौलिक विशिष्ट अभिलक्षणहरू हुने हुँदा ती अभिलक्षणहरूलाई यसरी उद्धृत गर्न सकिन्छः

) भजन चुड्का मनोरञ्जनात्मक हुन्छन् ।

- भजन चुड्कामा धर्म संस्कृति र भक्तिभाव गाइएको हुन्छ ।
- भजन चुड्काहरू वाद्यवादनको प्रयोग गरी गाइएका हुन्छन् ।
- भजन चुड्का लयात्मक गेयात्मक हुन्छन् ।
- यिनीहरू शुभकार्यमा गाइन्छन् ।
- श्रुतिपरम्पराबाट प्राप्त गर्न सकिन्छ ।
- अपठितहरूबाट सामुहिक ढङ्गले व्यक्त गर्न सकिन्छ ।
- यिनीहरूमा व्यक्ति विशेषका कृति हुँदैनन् ।
- यी देवी देवताको नाममा गाइन्छन् ।
- यी सरल सहज हुन्छन् ।
- यी स्वच्छन्द प्रकृतिका हुन्छन् ।
- विभिन्न भावहरू समेट्न सक्ने खालका हुन्छन् ।
- स्थानीयताको प्रभाव हुन्छ ।
- सरल भाषाको प्रयोग हुन्छ ।
- पुरुष मात्र वा महिला/पुरुष दुवैले गाउन सकिन्छ ।
- छोटा छोटा रूप भएपनि आफैँमा पूर्ण हुन्छन् ।

यसरी उपर्युक्त अभिलक्षहरूका आधारमा भजन चुड्काहरू पनि लोक साहित्यमा आफ्नै विशेष पहिचान बोकेका लोक-धड्कनका सहज प्रस्तुति हुन् भन्न सकिन्छ ।

# चतुर्थ अध्याय

# पौंवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको

# परिचय वर्गीकरण र विश्लेषण

## ४.१. पौंवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूका केही रूपहरू

गण्डकी अञ्चलको स्याङ्जा जिल्लामा रहेका क्षेत्रहरु मध्येको एक क्षेत्र हो पौवैगौंडे । यो क्षेत्र प्राकृतिक सुन्दरता, भौगोलिक तथा सामाजिक विविधता र धार्मिक पवित्रता जस्ता कुराहरुले चित्रित रहेको छ । यस क्षेत्रमा बढी मात्रामा ब्राह्मण क्षेत्रीको बसोबास रहेको पाइन्छ । बढी मात्रामा ब्राह्मण क्षेत्रीको बस्ती रहेका हुनाले त्यहाँका बासिन्दाहरु धर्म सस्कृति प्रति ठुलो आस्था विश्वास राख्ने गरेको पाइन्छ । आफ्नो धर्म सँस्कृतिलाई प्राण भन्दा पनि प्यारो सम्झने उनीहरुले आफ्नो धार्मिक परम्परालाई राम्रोसँग बचाएर राखेका छन् । यस क्षेत्रमा प्रचलित भजन चुड्काहरुले साहित्यिक मूल्य र मान्यता कायम राख्दै सामाजिक, आर्थिक, धार्मिक, प्रेमपरक, विरह वेदना, सामजिक संस्कार एवम् लोक विश्वास र पौराणिक तथा ऐतिहासिक पक्षलाई आत्मसात गर्दै आफ्नो प्रभाव सर्वत्र फैलाइएको देखिन्छ ।

पौवैगौंडे क्षेत्र र आसपासका क्षेत्रमा गाइने भजन चुड्काहरु प्राय मिल्दा जुल्दा नै देखिन्छन् तापनि सामान्य तथा लामोलय वा भाकामा भने अन्तर फेला परेको देखिन्छ । विषयवस्तु र प्रस्तुतीका आधार चाहि मिल्दा जुल्दा नै देखिन्छन् । पौवेगौडे क्षेत्रका भजनचुड्कहरुकालाई अध्ययन गर्दा आरतीभजन र लम्वरी खालका भजन जुन लामो बिलम्बित लयमा गाइने भजन हुन । त्यस्ता खाले भजनहरु प्राय लोप हुन लागेको अवस्थामा पुगेको र छिटफुट रूपमा आसपासका क्षेत्रमा देखापरेका पाइन्छ । यस क्षेत्रमा बढी चुड्के भजन, मायाप्रेममा आधारित भजन, खेली भजन, विरह वेदनामा आधारित गीतहरुको बढी मात्रामा प्रभाव रहेको देखिन्छ ।

यस अध्ययन पत्रलाई बढी तथ्यपरक र व्यवहारिक बनाई प्रस्तुत गर्नेका लागि सम्बन्धित क्षेत्रका गाउँ टोलमा गई भक्तजन लगायत शैक्षिक चेतनशिल र जागरुक महानुभावहरुसँग धर्म संस्कार र भजन चुड्काको इतिहास आदि विषयहरु बारे अर्न्तवार्ता साथै अधिकांश अनुरोध गरी भजन चुड्का लेख्न गाउन लगाई विशेष गरी पूजाको अवसर पारी भजन चुड्का गाउन लगाई टिपोट गर्ने सिलसिलामा कापीकलमका सहयोगले सम्भव भएसम्मका सामाग्री सङ्कलन गरी सङ्कलित भजन चुड्काका आधारमा कार्य अगाडि बढाउदै भजन

चुढ्कालाई नेपाली लोकगीतको एक प्राचीन उपभेदका रूपमा रही आएको तथ्यलाई देखाउने प्रयास गरिएको छ । अत : पौवैगौंडे क्षेत्रमा प्रचलित केही भजन चुड्का र निम्नलिखित छन् र बाँकी परिशिष्ट क मा प्रस्तुत गरिएको छ ।

हरि भजन गाई गाई, गयो मेरो जिन्दगी ।
हरि भन्छु मइले, राम्राम् भन सबैले ।
आउँदैन हरि, मनमा पीर नपरी ।
जपौ हरि राम, माया जालमा नभुलौं ।
हरि भन्ने चोला, यो कलीमा कहाँ होला,
हरि तिम्रो नाममा, भजन भयो ठाउँ ठाउँमा ।
जाउँला बैकुण्ठमा, हरि भजन गरेर ।
रामलाई अगि लाउला, रामको पछि मैँ जाउँला ।
रामको पैतालुमा, पदम फूल लेखेको ।
राम आज्ञाकारी, गुरुसित सवारी ।
सारै मन परनी भो, ए राम ! कसो गर्ने हो ।
पीर पर्छ मनमा, नजाउँ राम वनमा ।
रामै प्यारा थिए, कैकेयीलाई त्यागिदिए ।
रामलाई बनीबास, भरतलाई रजाइँ ।
रामलाई बनीबास, कैकेयीका जालले ।
रामको बगैँचामा, छड्के हान्यो मृगले ।
गए हनुमान, रामको औँठी लिएर ।
सीताको आँसुले, विन्द्रावनमा ताल पऱ्यो ।
चढाउ भगुवान्लाई, धूप-दीप नैवेद्य ।
जाम्ला बैकुण्ठैमा, नाच्दै गाउँदै बजाउँदै ।
तिम्रै शरण पर्छु, विग्न हर्ता गणेश ।
हुँदैन कि राम, बिना कर्म धरिम ।
जन्मै नदेऊ राम, यिनै दुःख हुन् भने ।
कमाइएन लानी, मरेपछि काँ जानी ।
सीतालाई परेको, रामलिला विलाप ।
सीता खोजी लेउन, साँच्चै हो कि हनुमान ।
अघि लागिन् सीता, पछि लागे लक्ष्मण ।
जपौँ दिन राति, जय जय तिम्रो आरति ।
गङ्गा सागरैमा, कपुर बत्ति झलल ।
आज शिवरात्रि, व्रत बस पार्वती ।
झल्के हिरा मोति, शिवज्यूको मन्दिरमा ।
नाँच श्री राम, झम्के पऱ्यो आँगन ।

खासगरी भजन चुड्का सप्ताह, स्वस्थानी, व्रतबन्ध, पञ्चरुद्री, लगुरुद्री, सत्यनारायण, शिवरात्री, घरपैँचो, देवी भागवत्, यज्ञ यज्ञादि समापन पश्चात् लक्ष्य प्राप्तार्थ गाइने गरिन्छ । कतिपय अवस्थामा भजन चुड्का मनोरञ्जन तथा हँस्यौलो मिसाउनमा पनि गाइन्छ । विभिन्न टुक्कालाई मिलाएर पनि गाइने गरिन्छ । भजन चुड्का गाउँदा शुरुमा हे … राम वा हरि वा सिद्धिने बेलामा नारायण हरि हरि भनेर समापन विश्राम गरिन्छ । भजन चुड्का गाउनको लागि भजनेहरूलाई विशेष निमन्त्रणा गरिन्छ र बन्धु, बान्धव, इष्टमित्र श्रोता आदिका बिच (भजन चुड्का शुरु गरिन्छ, जसका लागि आरति भजनबाट यस प्रकारले थालनी गर्ने गरिन्छ । जस्तै : मङ्गलु गाऔ साँझ आकी आरती … एवम् रीतले पहिलामा आरती भन्दै गणेश, राम, शिव, विष्णु, पार्वती, कृष्ण आदिका नाममा आरती थालिन्छ । भजन चुड्का आरती समापन गरेपछि मुख्य भजनेले शुरु गर्ने र अन्य सहायक भजने वा भक्तहरूले भजन छोपी गाउने गरिन्छ । यसै गरी पौवैगौंडे क्षेत्रका जनसमुदायले भजन चुड्का गाउँदै सुनाउँदै आएको देखिन्छ ।

सांराशमा हेर्दा भजन चुड्का लोक साहित्यको विशेष अङ्ग हो । जसका माध्यमबाट मानव जनजीवनमा अव्यक्त रूपमा रहेका भावना चिन्तन वा विचारहरूलाई विभिन्न देवदेवी आदिको शक्ति महिमालाई शक्ति धाराबाट गीतिलयमा व्यक्त गरी जनजीवनमा नयाँ उर्जा एवम् सुख शक्ति प्रदान गर्ने महत्त्वपूर्ण भूमिका यसले पूरा गरेको हुन्छ ।

## ४.२. पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको वर्गीकरण

मानव लोकजीवनको चित्र लोकगीतले व्यक्त गर्दै आएको पाइन्छ । नेपाल एक बहुभाषी, धर्म, संस्कृति, रीतिरिवाजको समृद्ध राष्ट्र हो । यो लोक साहित्यमा विशेष अभिरुचि रहेको सफल देश पनि हो । यति हुँदाहुँदै साहित्यिक दृष्टिले पनि भजन चुड्काहरूको सर्वत्र यहीँ वर्गीकृत आधार हो भन्ने चाहिँ निश्चित किटानको अभाव छ । त्यसैले लोकभजन चुड्काको अध्ययनका लागि लोक साहित्यका क्षेत्रमा अध्येताहरू देशैभरि लागि परेका छन् तापनि भजन चुड्काहरूलाई आधार मानेर औपचारिक रूपमा वर्गीकरण गरेको चाहिँ विरलै पाइनुले प्राथमिक रूपमा यस क्षेत्रको क्षेत्रगत सङ्कलन अनुसार प्रस्तुतिका आधारमा पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूलाई निम्न लिखित रूपमा वर्गीकरण गरिएको छ ।

१) मङ्गलाचरण सम्बन्धी भजन
२) आरति भजन
३) नाम सङ्कीर्तनमा आधारित भजन
४) लामा खालका भजन
५) माया प्रेममा आधारित भजन

६)	विरह वेदनामा आधारित भजन

७)	चुड्के भजन

### ४.२.१. मङ्गलाचरण सम्बन्धी भजन

मानव समाज मूलतः सामाजिक परिवेशमा आदिकालदेखि चलिआएका परम्परित संस्कृति विवाह, व्रतबन्ध, यात्रा आदि  शुभकार्य साथै अन्य विविध कार्य समेत मङ्गलाचरणद्वारा प्रारम्भ गरिने चलन चल्ती हाम्रो समाजमा यद्यपि विद्यमान छ । यसको उद्देश्य कुनै पनि शुभकार्यमा शुरुदेखि अन्त्यसम्म कुनै प्रकारका विघ्न वाधा अवरोध आइ नपरुन् जानी नजानी गरेका पापकर्महरूबाट मुक्ति मिलोस् भन्ने उद्देश्य वा हेतुका कारण मङ्गलाचरण गरिन्छ । यसै गरी देवीदेवता वा आफ्ना इष्ट देवदेवीको श्रद्धापूर्ण भावनाकासाथ नाम जप्दै गाउँदै गर्ने पनि गरिन्छ । अतः त्यसैले मङ्गलाचरण यसको महत्त्वपूर्ण पक्ष हो । दृष्टान्तका रूपमा :

जय गणेश जय गणेश जय गणेश देव
माता तिम्री पार्वती पिता महादेव ... आदि ।

### ४.२.२. आरति जगाउने भजन

कुनै देवीदेवतालाई स्मरण गर्दै कर्ता भक्त वा अन्य श्रद्धालु भक्तजनहरूले भक्तिभावका साथ दीपावली धूप हालेर विविध नैवेद्य सामाग्रीहरू जुटाई कुनै घर वा मन्दिरमा भगवानको मूर्ति वा तस्विरहरूका सामु लक्षित उद्देश्य पूरा गर्ने उद्देश्यले पूजा अर्चना पश्चात् स्वर एवम् लयका साथ समर्पित रहने प्रकृयालाई आरती भनिन्छ । खास गरी ठाउँ र उपलब्ध बाद्यवादन साधनको सहयोगले धैर्य शक्ति प्राप्त गर्ने उद्देश्यले भक्त कर्ता आदि सामुहिक रूपमा गोलबद्ध भई बसेर विभिन्न भगवान देवदेवीहरूको पुकार गर्दै आरती भजन जगाउन गरिन्छ । मूलतः नेपाली जनमानस अन्तर्गत सप्ताह, पुराण, सत्यनारायण, स्वस्थानी व्रत, शिवरात्रि, कृष्ण जन्माष्टमी साथै अरु यज्ञहरूमा पनि भक्तिपरक शैलीमा आरती जगाउने भजन गाइने गरिन्छ । जस्तैः

हे पहिलेमा आरति फूलकी माला,
काली नाग नचाइलेउ हे कृष्ण वाला,
साँझको बेला भक्त हो आरती जगाऊ ।
जय हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम,
राम तिम्रै आरती जगाऊ ।
जय हरि कृष्ण रामकी आरती जगाऊ ।

एवम् प्रकारले पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्का सम्बन्धी पहिलोमा आरतीदेखि दशौंमा आरती यसै अध्ययन पत्रको परिशिष्टमा रहेका छन् ।

### ४.२.३. नाम सङ्कीर्तनमा आधारित भजन

कुनै देवीदेवताका नाममा लीन भई दोहोऱ्याई तेहोऱ्याई गाइने भजनलाई नामसङ्कीर्तनमा आधारित भजन भनिन्छ । यस्ता खालका भजनहरूका रूपमा गणेश, राम, सीता, हरि, कृष्ण, ब्रह्मा, विष्णु आदिका नाममा गाउँदै आएको पाइन्छ । जस्तैः

मरेपछि के लाने हो, बैकुण्ठको धाम र
यो जिन्दगी छन् जेली, जपौँ सीता राम ।
उनै महादेव उनै महादेव, ब्रह्मा, विष्णु, महेश्वर उनै महादेव ।
हे हरि हे हरि भुँइमा झरन, आपत पऱ्यो हामीलाई रक्षा गरन् ।

### ४.२.४. लामा खालका भजन

यस प्रकारका भजनहरू पनि भक्तिमा लीन भई लामो भाकामा गाइने गरिन्छ । यस्ता खालका भजनहरूलाई लम्बरी भजन पनि भनिन्छ । अरु प्रकारका भजनहरू पुरुष महिला वृद्ध वृदधा आदिले संयुक्त रूपमा गाइएको पाइन्छ भने यस्ता भजनहरू भने पुरुष जातिहरूले मात्र गाउने गर्दछन् । यो ठाउँ क्षेत्र आदि हेरेर केही फरक ढङ्गले समेत गाउने गरिन्छ । पौवैगौंडे क्षेत्रमा प्रचलित लामा भजनको केही अंश यस प्रकार छन् । बाँकी परिशिष्टमा उल्लेख गरिएको छ ।

यो देह शरीरमा, दुई वटा कान ।
बनायौ किन रामले, बनायौ किन ।
कच्चा शरीर रामले, बनायौ किन । हरि हरि ॥
आइपुग्यौ लिन नी काल, आइ पुग्यौ लिन ।
बाचौंला भन्दा-भन्दै, आइ पुग्यौ लिन
हरि हरि भजौला भन्दा-भन्दै, आइ पुग्यौ लिन ।
हातमा छैन कटरी, कम्मरमा छैन ढाल ।
चोट पनि छैन घाउ पनि छैन, धन्यैको सिपालु काल । हरि हरि ॥

यो देह शरीरमा, दुई वटा आँखा ।
बनायौ किन रामले, बनायौ किन ॥
कच्चा शरीर रामले, बनायौ किन हरि हरि ।
आइपुग्यौ लिन नी काल, आइ पुग्यौ लिन ॥

बाचौँला भन्दा भन्दै, आइ पुग्यौ लिन ।
हरि हरि भजौँला भन्दा भन्दै, आइ पुग्यौ लिन ॥
यसपछिको चुड्का गीत
लान्छ कालले लान्छ कालले, सानो ठुलो भन्दैन, लान्छ कालले ।

### ४.२.५.प्रेमाकर्षणमा आधारित भजन

ऋतुहरूमा वसन्त ऋतु झैँ जीवन चक्रमा यौवनावस्थामा निकै जागरुक उत्साह, सक्रिय, चञ्चल र सुन्दर हुने गर्दछ । मूलतः मानिस भव्य कल्पना गर्दछ । युवा अति सुन्दरी सुशिल युवतीको परिकल्पना गर्दछ भने युवती कुशल, योग्य, साहसी एवम् वीर वरको परिकल्पना गर्दछे साथै अन्य प्रेमाकर्षित एवम् मनोरञ्जनका अवस्था आदिमा समेत यस प्रकारका प्रेममाया पिरतीमा आधारित भजन चुड्काहरू गउने गरिन्छ । जस्तैः

केटा - हुने रैछ भेट बेसी मकै छरे त, आउनी जानी गरे त ।
केटी - घर छ मुलबाटोमा आउँदा जाँदा पसे है, गुन्द्रि तानी बसे है ।
केटा - अल्लि यता सर उता चिसो भुईं भयो, माया मारे झैँ भयो ।
केटी - केको माया लाउनी कालीसित गोराले, धनी बाउको छोराले ।
केटा - पहिला तिमी नै हो भगवान्को छ कसम, तिम्रो दिलमा कहाँ बसम् ।
केटी - अहिले ठिक्क पार्छौ पछि धोका हुनलाई, पार्छौ कि दाई रुनलाई ।

### ४.२.६. विरह वेदनामा आधारित भजन

जीवनयापनको क्रममा अति गरिब, विरह, वेदनाबाट, दुखित र खिन्न भई मनुष्य चोलामा जन्मेर पशुपंक्षीको भन्दा दुःखी एवम् कष्टकर जीवनसँग संघर्ष गर्नु परेको आभास भई एकोहोरिएर एकान्तमा गई विरह वेदनाहरू पोख्ने गरेको पाइन्छ । अतः यस प्रकृतिका भजनलाई विरह वेदनामा आधारित भजन भनिन्छ । जस्तै :

जन्म दियौ राम, सधैँ भरी रुनलाई ।
कोही छैनन् मेरा, राम जती पियारा ।
रुन्छु दशै धारा, नरोऊ भन्नी को छ र ।
सधैँ मनमा पीर, कस्तो मेरो तग्दिर ।

### ४.२.७. चुड्के भजनहरू

यस प्रकारका भजन चुड्काहरूलाई ठाउँ ठाउँमा फरक फरक नामबाट चिनाइएको पाइन्छ । पर्वत जिल्लामा खेली भजन, बाग्लुङ्तिर टापा, गुल्मीतिर रोइला र स्याङ्जामा भजन चुड्का

वा चुड्का भन्दै आएको पाइन्छ । यस्ता चुड्के भजनहरू खासगरी धार्मिक चाडपर्व वा कुनै यज्ञ यज्ञादि, पुराण आदिका अवसरमा भक्तिभावपूर्ण चिन्तनमा लीन भई घन्काउने गरिन्छ ।

यस्ता खालका चुड्के भजनहरूमा हाँसो, ठट्टा, युवा, युवतीका बिचमा प्रेमाकर्षणयुक्त भाव आदिलाई समेत दोहोरीका रूपमा केही बिस्तारै पहिलो चरण खैंजडीको तीनतालमा र पछिको चरणमा द्रूत गतिमा गाउने गरिन्छ । यस्ता भजन चुड्काहरूको भाका ठाउँअनुसार फरक फरक भएको पाइन्छ । यी भजन चुड्का खैंजडी मादल मुजुरा आदिको तालमा छिटो छिटो टुङ्ग्याइन्छ । केही रूप यस प्रकार छन् ।

जाम्ला बैकुण्ठैमा, नाच्दै गाउँदै बजाउँदै ।
स्वर्गजानी बाटो, तल्लो होकि उपल्लो ।
जपौँ हरि राम, माया जालमा नभुलौँ ।
उँदै सललल, लौरी पनि म पनि ।
स्वर्गजानी बाटो, खनी मैदान पारेको ।
उँदै सललल, गंगा जल निर्मल ।
हाम्लाई यसै जाति, भगवान्लाई फूलपाती ।
बेलपत्रको घारी, शिवजीको फूलबारी ।
ढोका खोल राम, भक्त आए स्वर्गमा ।
स्वरीगैमा भेट, जिन्दगीमा यै चाल ।
मरिजाने चोला, राम राम बोले के होला ।
जपिँदैन हरि, मनमा पीर नपरी ।
स्वर्गजानी बाटो, देवी देवताले खनेको ।
फेरी कहाँ पाउला, यस्तो हाम्रो जनिम ।
शिर मुक्तिनाथ, काली गंगा कागबेनी ।
हाम्लाई यसै जाति, देव देवतालाई फूलपाती ।
कोटी नमस्कार, देवता जति सबैलाई ।

## ४.३. रस प्रयोगका दृष्टिले पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरु

साहित्यको अध्ययन श्रवण वा अवलोकन गर्दा विभावादिको संयोगबाट निष्पन्न हुने आनन्लन चित्रवृत्तिलाई नै रस भनिन्छ । सरल शब्दमा भन्दा साहित्यबाट जुन चमत्कार एवम् पूर्ण आनन्द प्राप्त हुन्छ त्यसलाई नै रस भनिन्छ । अतः ईश्वर भक्तिको क्रममा नै मूलतः भजन चुड्का सिर्जिएको हुनाले यिनमा भक्तिरस, शान्तरस, श्रृङ्गाररस, वीररस आदिको प्राचुर्य पाउन सकिन्छ ।

रसशास्त्रका प्रथम व्याख्याता भरतले आफ्नो नाट्य शास्त्रमा विभाव, अनुभाव र व्यभिचारी भाव संश्लिष्ट स्थायी भाव नै रसका रूपमा परिणत हुने कुरा जनाएका छन् (पौडेल, २०५७: ११६) रस निष्पतिको शास्त्रीय नियमअनुसार रसमा विभाव अनुभाव र व्यभिचारी भावद्वारा क्रमशः लौकिक कारण, कार्य र सहकारी कारण जस्तै बनेर स्थायी भावलाई अनुभवयोग्य र परिपुष्ट तुल्याउँदै रसका स्वरूपमा परिणत गर्ने सामर्थ रहन्छ । भावहरूका आधारमा भजन चुड्कालाई अध्ययन विश्लेषण गर्दा भजनको रस निष्पति शैली, शिष्ट साहित्यको शैली भन्दा भिन्न हुन्छ । अतः उपादानहरूको सहाराबाट रसको भावभूति तयार भई रस निष्पतिको स्थिति बन्दछ । तर लोक गायकका हृदयमा धार्मिक भक्तिभाव तथा अन्य विविध अवधारणाबाट प्रस्फुटित मनको भावभूति नै विशेष प्रकारको रस निष्पतिको स्थिति स्वभाविक हुन्छ । लोक गायकहरूका हृदयमा नै रस परिपाकको अवस्था प्राप्त भइसकेर त्यही भावना गीति लय वा भाकाका शब्दका स्वरूपमा प्रकट हुन्छन् । यसर्थ पौवैगौंडे क्षेत्रमा प्राप्त भजन चुड्काहरूलाई अध्ययन विश्लेषण गरेर हेर्दा निम्न लिखित रस प्रयोगको स्थिति देखा पर्छ ।

## ४.३.१. श्रृङ्गार रस

श्रृंगार रसको रति (प्रीति) स्थायी भाव हो । यस पौवैगौंडे क्षेत्रमा भजन चुड्का गाउन सहभागीहरू सहभागी भई दुई समूहमा विभाजन मध्ये पुरुष एकातर्फ र महिला एकातर्फ ( भिन्न) भई नायक नायिकाको रूपमा आफुलाई उपस्थित गराई उमेर मिल्ने जोडीसँग भजन कीर्तनका नाममा मौका छोपी प्रेमाकर्षित शैलीका माध्यमबाट भजन चुड्का गाउने गर्दछन् । रतिभावजन्य श्रृङ्गार रस प्रधान कतिपय भजन चुड्कामा एकापसी रति प्रेमाभाव, मिलन बिछोड सामान्य रूपमा मिसिएको हुन्छ । जस्तै : संयोग श्रृङ्गारका रूपमाः-

हरि भन्छु मइले रामराम भन सवैले ।

## ४.३.२. वीररस

शत्रुको हाँकलाई सामना गर्न दुःख एवम् दुरदशालाई हटाउन धर्मकर्ममा प्रवृत्त हुन मानिसको मनमा एक किसिमको उत्साह र फूर्ति जागेर आउँछ । यसैबाट वीररसको उदय हुन्छ । यस किसिमको उत्साह वीररसको स्थायी भाव हो । यसको आलम्बन विभाव हो शत्रुको हाँक र चुनौति । युद्धस्थल उद्दीपन विभाव हो । त्यस्तै सजग भएर बस्नु आक्रमण गर्न खोज्नु, मुट्ठी कस्नु अरुको सहयोग खोज्नु आदि अनुभाव हुन् । भने उन्माद आवेग धैर्य स्मृति आदि व्यभिचारी भाव हुन् । यसरी हेर्दा पौवैगौंडे क्षेत्रका भजन चुड्काहरूमा पनि वीररस परिपाक भएका केही गीत तथा चुड्काहरू रहेको पाइन्छ । जस्तै : रावण चर्कियो, रावण चर्कियो, रामको एउटै वाणले लङ्का थर्कियो ।

### ४.३.३. रौद्ररस

जब मानिसहरू विभिन्न घटना वा बाह्य प्रक्रियाबाट आफू अपमानित भएको र शत्रुबाट सताइएको अनुभव हुन्छ । तब रौद्र रस जागृत भई बदलाको भाव उत्पन्न हुने गर्दछ । जुनबेला मानिस रिसले आक्रोसले क्रोधित देखिन्छन् । यही नै रौद्र रसको स्थायी भाव हो । शत्रु आलम्बन विभाव, क्रियाकलाप उद्दीपन विभाव, राताराता आँखा पार्नु, ओंठ टोक्नु, दाह्रा किट्नु आदि अनुभाव र गर्व आवेग आदि व्यभिचारी भाव हुन् । जस्तै :

हनुमान भेट हुँदा सेना कराए बालक वृद्धा  नरनारी सबै डराए ।

### ४.३.४. करुण रस

अति प्यारो व्यक्ति वा धन सम्पति आदि वस्तुको नष्ट हुँदा कसैको जीवनमा विद्यमान दुःख गरिबी अनि वियोगबाट छाती पिटीपिटी रोएको युवतीको अवस्था आदि विभावादिको संयोगबाट करुण रसको प्राप्ति हुन्छ । कसैको दुःखदायी अवस्था देख्दा मनमा एक प्रकारको करुण भावना उर्लिएर आउँछ यही अवस्था नै करुण रसको स्थायी भाव शोक हो । नायक नायिकाको विनाश, वियोग, आलम्बन, विभाव र तिनीहरूलाई सम्झाउन खोज्ने भावहरू उद्दीपन विभाव एवम् रुनु, कराउनु आदि अनुभाव तथा मुर्छा, उन्माद ग्लानि चिन्ता आदि व्यभिचारी भाव हुन् । जस्तै :

भन्चन भरतले भन्चन भरतले
कहाँ पो, पठायौ भाइ दाजै रामलाई ।

### ४.३.५ शान्त रस

सांसारिक ज्ञानलाई बुझेको झैं गरी सपनारूपी जीवन दुई दिनको राम छायाँ रहेछ भन्ने ज्ञानले मानिसलाई संसारप्रति एक किसिमको वितृष्णा भाव उत्पन्न गराइदिन्छ । यस्तो भावलाई वैराग्य (निर्वेद) पनि भनिन्छ । यसमा ईश्वर प्रतिको भक्तिभाव परमात्मा आदि आलम्बन विभाव हो । त्यसै गरी पुण्य भूमि देवालय तीर्थ, साधु सज्जनहरू आदिको सङ्गत आदि उद्दीपन विभाव हो ।  यस्ता विभावबाट उत्पन्न भएको साहित्यिक रोमाञ्च आदि अनुभाव र हर्ष स्मृति आलस्य विरक्ति पश्चाताप आदि व्यभिचारी भाव हुन् । यसको स्थायी भाव शान्ति हो । जस्तै : हरिभजन गाई गाई बैकुण्ठमा जानलाई ।

### ४.३.६. हाँस्य रस

अचम्म लाग्दा वा विकृत आकार भएका वस्तुका कारणबाट हाँसो उत्पन्न हुन्छ । यो भाव साहित्यका विभिन्न भेद उपभेदमा समेत प्रयोग भएको हुन्छ । यसको स्थायी भाव हाँसो हो ।

हाँसो उत्पन्न गराउने क्रियाकलाप युक्त बोली भएको पात्र आदि आलम्बन विभाव हो । विकृत रूप वा आकार क्रियाकलाप वा चेष्टा उद्दीपन विभाव हुन् । हाँसो उठ्नु आँखा केही खुम्चिनु, मुख खुकुलिनु वा विकृत र शरीर हाँसोले अनियन्त्रित बन्नु अनुभाव हुन् । हाँस्य रसका लागि भूमिका निर्वाह गर्ने कम्प रोमाञ्च, आलस्य आदि नै सञ्चारी भाव हुन् ।

जस्तै : दोहोरी खेल्ने दाइको टाउको काटी फुर्वल छाला काडी सुर्वाल

### ४.३.७. अद्भूत रस

मनले कल्पनै नगरेको वस्तु वा दृश्य देख्दा मनमा वा मस्तिष्कमा एक प्रकारको अनुभूति उत्पन्न हुन्छ सोही भाव नै अद्भुत रसमा व्यक्त हुन्छ । यसको स्थायी भाव विस्मय वा आश्चर्य हो भने विचित्र खालका वस्तु दृश्यको वर्णन आदि आलम्बन विभाव हुन् । विस्मयपूर्ण दृश्य वर्णन उद्दीपन विभाव वाल्ल परेर हेरिरहनु, आङ् जिरिङ्ग हुनु आदि अनुभाव, हर्ष, उत्सुकता बितेका कुरा आदि व्यभिचारी भाव हुन् । यिनै रस सामाग्रीबाट अद्भूत रसको उत्पति हुन्छ । जस्तै : जाऊ हनुमान पहाड बोकी लङ्कामा

## ४.४. अलङ्कारका दृष्टिले पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको अध्ययन

अलङ्कार साहित्यमा आभूषण मानिन्छ । जस्तै : कुनै एक सुन्दर युवती आभूषण वस्त्र आदि पहिरिए पछि स्वर्गकी परी जस्तै देखिन्छिन् । त्यसै गरी साहित्यमा अलङ्कारले रोमाञ्च, मिठास, एवम् सुन्दरता थप्ने गर्दछ । व्युत्पादन प्रकृयालाई हेर्दा 'अलम्+कृ+धज' बाट अलङ्कार शब्द बनेको पाइन्छ । जसको अर्थ अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिंगार्ने त्तत्व भएको साहित्यशास्त्रको एक अङ्ग भनी स्पष्ट पारिएको छ । संस्कृत साहित्यका आचार्य भामहले शब्दका आधारमा गरिने वाक्य वा सौन्दर्यपरक अभिव्यक्ति आलङ्कार हो भनेर व्यक्त गरेको पाइन्छ । यसरी यो प्रष्ट हुन आउँछ कि काव्यमा अर्न्तनिहित माधुर्य नै हुने हुँदा लोक भजन चुड्काहरूमा पनि यसको समिश्रण भेटिन्छ ।

### ४.४.१. शब्दालङ्कार

शब्दालङ्कारमा रमाइला शब्दहरूको विचित्रताद्वारा काव्यको शोभा बढाउने गरिन्छ । पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूको अध्ययनका क्रममा अलङ्कार प्रयुक्त शब्दालङ्कारका अनुप्रासयुक्त भजनहरू देखा परेका छन् । तिनीहरूको क्रमशः यसरी राखेर चर्चा गर्न सकिन्छ ।

### ४.४.१.१. लाटानुप्रास अलङ्कार

लोकगीत वा भजन चुड्काहरूमा शब्द र अर्थको पुनरावृत्त हुँदा लाटानुप्रासको प्रादुर्भाव हुन्छ । जस्तै :

म पनि रामको त पनि रामको सारा संसार रामको उनै रामको
हरे कृष्ण, हरे कृष्ण, हरे कृष्ण हरे हरे ।

प्रस्तुत भजनांशमा राम, कृष्ण शब्द पुनरावृति हुँदा सामान्य र विशेष अर्थको प्रादुर्भाव भएकाले उक्त अंशलाई लाटानुप्रासको उदाहरणका रूपमा लिइएको छ ।

### ४.४.१.२. श्रुत्यानुप्रास अलङ्कार

एकै स्थानबाट उच्चारण हुने वर्णहरू बारम्बार दोहोरिने प्रकृयालाई श्रुत्यानुप्रास अलङ्कार भनिन्छ पनि । जस्तै : कति सुहायो कति सुहायो बाघको छाला नागको माला कति सुहायो ।

उनै महादेव, उनै महादेव सत्यदेवी बोकी हिँड्ने उनै महादेव ।

प्रस्तुत भजनांशमा कति सुहायो शब्द र उनै महादेव शब्द श्रुत्यानुप्रास अलङ्कारको उदाहरणको रूपमा आएका छन् ।

### ४.४.१.३. अन्त्यानुप्रास अलङ्कार

यो पनि शब्द अलङ्कारकै एक शाखा हो । चरण तथा पाउको विश्राम वा अन्त्यस्थानमा समान खालका वर्ण वा समूह दोहोरिएका अवस्थामा अन्त्यानुप्रासको प्रादुर्भाव हुन्छ । यस पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्कामा प्रयुक्त उदाहरण : अवश्य मरिन्छ  धर्म गरे तरिन्छ । यो भजनांशमा ‘मरिन्छ’ र ‘तरिन्छ’ अन्त्यानुप्रासको उदाहरणको रूपमा आएको देखिन्छ ।

### ४.४.१.४. वृत्यनुप्रास अलङ्कार

एक वा अनेक व्यञ्जन वर्णहरू धेरै पटक दोहोरिएमा वृत्यानुप्रासको प्रादुर्भाव हुन्छ । यो पनि शब्दालङ्कारको अर्को एक शाखा हो । उदाहरणः जपौ हरिलाई, जपौ हरिलाई यो जिन्दगी भरिलाई जपौ हरिलाई ।

प्रस्तुत उदाहरणमा हरिलाई वृत्यानुप्रास अलङ्कारको रूपमा आएको छ ।

### ४.४.१.५. छेकानुप्रास अलङ्कार

अनेक वर्णहरूलाई उस्तै क्रमले एक पटक मात्र मिलाएर राख्ने प्रक्रियालाई छेकानुप्रास अलङ्कार भनिन्छ । यो पनि अनुप्रासको एक भेद वा शाखा हो । उदाहरणः ए ! फूल दिए सुक्छ औँठी लैजाउ चिनोलाई सम्झी सम्झी रुनलाई ।

यस उदाहरणमा आएका चिनोलाई र रुनलाई छेकानुप्रास अलङ्कारको उदाहरणका रूपमा आएका छन् ।

### ४.४.२ अर्थालङ्कार

अर्थालङ्कारमा अर्थको चमत्कारद्वारा काव्यको सौन्दर्य बढाउने काम हुन्छ । कुनै चित्रलाई काल्पनिक रङ्गले मनोहर र उज्ज्वल पारे जस्तै कुनै विषयको वर्णनमा उचित कल्पनाको प्रकाश दिएर अर्थालङ्कारमा कवि साहित्यकारले उक्तिलाई चहकिलो पारेको हुन्छ । यसमा उपमा, रूपक, दृष्टान्त आदि अर्थालङ्कारका उदाहरणहरू प्रस्तुत गरिएको छ ।

### ४.४.२.१. उपमा अलङ्कार

उपमा र उपमेय दुई वस्तुलाई समान धर्मले दाँजेर सादृश्य देखाएमा उपमा अलङ्कार हुन्छ । उदाहरण : मत एकलकाटे बनको न्याउली सैँ साथे, बनको न्याउली सैँ साथे ।

### ४.४.२.२. रूपक अलङ्कार

उपमेय र उपमानलाई एउटै रूपमा बयान गरी वा उपमेय र उपमानको बिचमा आदेशमूलक आरोप गरिएमा रूपक अलङ्कार हुन्छ । जस्तै :

के को माया लाउनी बा भन्दानी बुढासँ चिलाउनीका मुढासँ
प्रस्तुत उदाहरणमा बुढालाई मुढासँग आरोप गरिएको छ ।

### ४.४.२.३. दृष्टान्त अलङ्कार

अनेक वाक्यहरूमा विम्ब प्रतिविम्बद्वारा एक अर्कामा छायाँ पारेर समानता देखाएमा वा एउटा भनाइलाई अर्को उदाहरणद्वारा प्रमाणित गर्दाको अवस्थामा दृष्टान्त अलङ्कार हुन्छ । उदाहरण : बन्दैन मायालु उखु पेली अमिलो नबोलेर गमिलो ।

प्रस्तुत उदाहरणमा अमिलो र गमिलो दृष्टान्त अलङ्कारको उदाहरणका रूपमा आएका छन् ।

### ४.४.२.४. **निष्कर्ष**

भजन चुड्का मूलत हिन्दू धर्म र यसका शाखा उपशाखासँग सम्बन्धित जनसमुदायमा सदिऔंदेखि गाइदै आएको पाइन्छ । प्रस्तुतीका आधारमा भजन चुड्कालाई विभिन्न कला, लय, भाव साथै दृत विलम्वित आदि सुर स्वर समेतलाई आधार बनाएको पाइन्छ भने धार्मिक सांस्कृतिक दृष्टिकोणले यस क्षेत्रमा प्रचलित भजन चुड्कामा श्रृङ्गार, वीर, रौद्व, करुण, शान्त अद्‌भुत विभत्स रसका धेरै थोरै अभिव्यक्ति पाउन सकिन्छ । यस क्षेत्रका भजन चुड्काहरुको अध्ययन र विस्लेषण गरी आलङ्कारिक दृष्टिले हेर्दा मूलत शब्दाअलङ्कारका विभिन्न भेदोपभेदहरु प्राप्त गर्ने सकिन्छ । पौवैगैंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरुलाई विभिन्न भागमा वर्गीकरण, विभिन्न रसको समिश्रण र आलङ्कारिक दृष्टिले हेर्दा विभिन्न भेदोपभेदहरु प्राप्त गर्न सकिन्छ । यस प्रयोजनका लागि सम्भावित भजन चुड्काहरुका उदाहरण समेत समावेश गरी स्पष्ट पार्ने प्रयास गरिएको छ ।

# पञ्चम अध्याय

# उपसंहार

## ५.१ उपसंहार

प्रस्तुत अध्ययन पत्रअनुसार स्याङ्जा जिल्लाको पौवैगौंडे क्षेत्र अन्तर्गतका ठाउँठाउँका प्रचलित भजन चुड्काहरूको सङ्कलन अध्ययन र वर्गीकरण गरी यथाशक्य रूपमा चिनाउने प्रयास गरिएको छ । त्यस्तै लोकगीत सम्बन्धी पनि विभिन्न विद्वानहरूका विचारहरू समेत संक्षेपमा दिने प्रयास गरिएको छ । यस अध्ययन पत्रको भाग ५ मा उल्लेख गरे अनुसार सङ्कलित भजन चुड्काको सार संक्षिप्त वा उपसंहार भाग ५ मा नै रहेको हुँदा सोही बमोजिमका प्रस्तावको क्रमिकता अनुसार नै देखाउने प्रयास गरिएको छ ।

यस अध्ययन पत्रलाई बढी तथ्यपरक र व्यवहारिक बनाई प्रस्तुत गर्नका लागि सम्बन्धित क्षेत्रका गाउँ टोलमा गई भक्तजन लगायत शैक्षिक चेतनशील र जागरुक महानुभावहरूसँग धर्म संस्कार र भजन चुड्काको इतिहास आदि विषयहरूका बारे अर्न्तवार्ताका साथै अधिकांश व्यक्तिहरूलाई अनुरोध गरी भजन चुड्काहरू लेख्न गाउन लगाई आंशिक रूपमा विशेष सत्यनारायण पूजा, ग्रह शान्ति आदिको अवसर पारी भजन चुड्का गाउन लगाई रेकर्ड गर्ने सिलसिलामा मोवाइल, क्यामराको सहयोगले दृश्य र श्रव्य सामाग्री सङ्कलन गरी सङ्कलित भजन चुड्काहरूका आधारमा कार्य अगाडि बढाउँदै लोक भजन चुड्का नेपाली लोकगीतको एक प्राचीन उपभेदका रूपमा रही आएको तथ्यलाई देखाउने प्रयास गरिएको छ । यस अध्ययन पत्रको प्रथम अध्यायमा अध्ययन परिचय विषय परिचय अन्तगत अध्ययन पत्रको शीर्षक, अध्ययनपत्रको प्रयोजन, समस्याकथन, अध्ययन पत्रको उद्धेश्य, पूर्वकार्यको समिक्षा, अध्ययनको औचित्य, अध्ययनको क्षेत्र र सीमा, साम्रगी सङ्कलन विधि र अध्ययन पत्रको रूपरेखा  आदि विषयवस्तुहरु समावेश गरिएको छ ।  यसै गरी द्वितीय अध्यायमा स्याङ्जा जिल्लाको पौवैगौंडे क्षेत्रको परिचय भाषा, धर्म, शैक्षिक स्तरको विवरण, विद्यालय वा क्याम्पस सङ्ख्या, धार्मिक ऐतिहासिक तथा सामाजिक दृष्टिमा पौवैगौंडे क्षेत्रका मन्दिर हरु आदिको जानकारी दिई समापन गरिएको छ भने तेस्रो अध्यायमा लोकसाहित्य सिद्धान्तका सन्दर्भमा भजन चुड्काको चिनारी, लोक साहित्यको सैद्धान्तिक परिचय, लोक साहित्यको परिभाषा, लोक साहित्यका विशेषता, लोक साहित्यका विधा लोक गितको सिद्धान्त र परिभाषा, लोक गितको वर्गिकरण,भजन चुड्का शब्दको अर्थ परिभाषा,

लोकसाहित्य र भजन चुड्काको सम्बन्ध, भजन चुड्काहरुका विशिष्ट अभिलक्षणहरुलाई स्पष्ट पारिएको छ ।

एवम् रीतले पाँचौ अध्यायमा उपसंहार, निष्कर्ष भजन चुड्का तथा भावी सम्भावित अध्ययन क्षेत्रबारे सुझाव हरेक अध्यायको जानकारी तथा निचोडका साथै यस अध्ययन पत्रको सारांश निष्कर्ष र परिशिष्ट अर्न्तगत केही सङ्कलित भजनहरू, प्रमुख भजन चुड्कामा विद्‍यमान कठिन शब्दहरूको शब्दार्थ समेत प्रस्तुत गरी अन्त्यमा सन्दर्भ सूची प्रस्तुत गरी यस अध्ययन पत्रलाई पूर्णता दिने कार्य गरिएको छ ।

## ५.२. निष्कर्ष

नेपाली लोकगीतको एक प्राचीन स्वरूप हो भजन चुड्का । यसमा साहित्यिक प्राचुर्यता पाइन्छ । जसरी लोकगीतले गाउँ गोरेटो, पाखा पखेरा, वनजङ्गल, मेलापात गर्दा विभिन्न भाकाहरूलाई समेट्दै विभिन्न लयमा वनजङ्गल घन्काउने गरी गीत गाउँदै आएको पाइन्छ । त्यस्तै गरी पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरूले पनि साहित्यिक मूल्य र मान्यता राख्दै सामाजिक, आर्थिक, धार्मिक, प्रेमपरक, विरह, वेदना, सामाजिक संस्कार एवम् लोक विश्वास र पौराणिक तथा ऐतिहासिक पक्षलाई आत्मसात् गर्दै आफ्नो प्रभाव सर्वत्र फैलाएको देखिन्छ । यस क्षेत्र अन्तर्गत अधिकांश गाउँ-ठाउँहरूमा गाइने भजनहरू प्राय: मिल्दा जुल्दा नै देखिन्छन् तापनि सामान्यतया लय वा भाकामा भने धेरै अन्तर फेला परेको देखिन्छ । प्रस्तुति विषयवस्तुमा अधिकांश लक्षणहरू भने मिल्दाजुल्दा नै देखिन्छन् ।

यस क्षेत्रमा उपलब्ध भजनहरूलाई अध्ययन गर्दा आरति भजन र लम्बरी भजन, लामा भजन जुन लामो लयमा गाइने भजन गीतहरू हुन् । त्यस्ता खाले भजनगीतहरू प्राय लोप हुन लागेको अवस्थामा छिटफुट रूपमा मात्र देखापर्ने गरेको पाइन्छ । छोटा भजनका रूपमा रहेका चुड्के भजन, नामसंकीर्तनमा आधारित भजन, मायाप्रेममा आधारित भजन, प्रेम विरह वेदनामा आधारित भजन चुड्का गीतहरूको बढीमात्रामा प्रभाव परेको देखिन्छ ।

साहित्य मानव जीवनको एक अभिन्न अङ्ग जस्तै हो । साहित्यमा जहाँ जहिले पनि सृजनात्मकता हुनु यसको वैशिष्ट्य हो त्यस कारण भजन चुड्काहरूमा पनि नयाँ खालको सवाल जवाफ तथा दोहोरी गीतहरू प्रश्नोत्तर शैलीमा त्तकालै सृजना गरी गाउनु पनि एक खालको साहित्यिक सिर्जनशीलता नै मान्नु पर्ने देखिन्छ । भजन चुड्काहरू भक्ति परक ढङ्गले गाइने हुनाले यसमा धार्मिक चारित्रिक तथा मानिसको नैतिक आचरण समेत सुधार्ने सन्देश भजन चुड्काले दिन खोजेको देखिन्छ । त्यसै गरी भजन चुड्काले जुन महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यसप्रति आजको जनमानस खासै चासो वा बढी मात्रामा आर्कषित भने देखिएको छैन । सामाजिक जनजीवनमा छरिएर रहेका भजन चुड्काहरू परम्पराबाट

एक पुस्ताबाट अर्को पुस्तामा वा एक जनजिब्रोबाट अर्को जनजिब्रो हुँदै मौखिक परम्परामा जीवित रही आएका कतिपय महत्त्वपूर्ण भजन चुड्काहरू भने लोप हुने स्थितिमा पुगेकाले यसको संरक्षण गरी नेपाली लोक साहित्यको विकासमा उर्जा प्रदान गर्न सकियोस् भन्ने अभिप्रायले यसको अध्ययन आवश्यक ठानी भजन चुड्काहरू सङ्कलन गरी, यसप्रतिको राय समेत प्रस्तुत गरेर यसलाई यथासक्य पूर्णता दिने प्रयास गरिएको छ ।

## ५.३. भावी अध्ययन अनुसन्धानका सम्भाव्य क्षेत्रहरू

प्रस्तुत अध्ययन पत्र पौवैगौंडे क्षेत्रमा प्रचलित भजन चुड्का शीर्षकसँग सम्बन्धित रही लोक भजनका भिन्न प्रकार भजन चुड्का आरती लम्बा भजन आदिलाई विशेष आधार मानेर लोप हुन लागेको लोकसंस्कृतिलाई थोरै भएपनि खोज अनुसन्धान गर्ने प्रयास स्वरूप कार्य आरम्भ गर्दै अगाडि बढ्दा यस पौवैगौंडे क्षेत्रमा विभिन्न विधा तथा उपविधाको अध्ययन अनुसन्धान आवश्यक रहेको र यदि यस क्षेत्रप्रति कसैको चासो नरहेमा तल उल्लेख गरिएका क्षेत्रहरूको अध्ययन अनुसन्धान हराउँदै जाने वा लोप हुँदै जाने सम्भावना देखिएको हुँदा देहाय बमोजिमका विधा तथा उपविधाहरूको अध्ययन अनुसन्धान तथा विश्लेषण कार्य अत्यावश्यक देखिन्छ ।

- पौवैगौंडे क्षेत्रका प्रचलित लोक कथाहरूको सङ्कलन अध्ययन विश्लेषण ।
- पौवैगौंडे क्षेत्रका प्रचलित उखान टुक्काहरूको सङ्कलन अध्ययन विश्लेषण ।
- पौवैगौंडे क्षेत्रका प्रचलित संस्कार गीतको सङ्कलन अध्ययन विश्लेषण ।

## परिशिष्ट (क)

**पौवेगौंडे क्षेत्र वडा नं. १ निवासी शिक्षक पेशा अगाल्दै आएका वर्ष ५२ का श्री रुद्रप्रसाद रेग्मीबाट प्राप्त सन्ध्याकालीन आरतिको अंश यसप्रकार रहेको छ ।**

**सन्ध्याकालीन आरति**



रुद्रप्रसाद रेग्मी
वर्ष-५२
पेशा-शिक्षक
(गैराबारी) नयाँबजार

हे पहिलैमा आरति फुलकी माला,
काली नाग नचाइलेउ हरे कृष्ण वाला,
साँझको बेला भक्त हो आरति जगाऊ ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम,
राम तिम्रै आरति जगाऊ ।
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

दोसरी आरति देवरज्यूको नन्न,
कसै सुधार राम ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

तेसरी आरति त्रिभुवनकी भुजा,
रामज्यूको मन्दिरैमा हुनै लाग्यो पूजा ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

चउथै आरति चउर दिशा पूजा,
राधा र रुक्मिणी यो वनरै धुजा ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

हे ... पन्चैमा आरति मंगलु गाउँ है,
राधा र रुक्मिणी चमरु डोलाउ है ।

जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

हा... षष्ठैमा आरति षडुरस गाउ है,
जाम्ला त बैकुण्ठनी राम पदम सुफल पाई ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

सप्तैमा आरति समिदा ज्योति,
बजाउँला शङ्ख र घण्ट चढाउँला बेलपाती ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

अष्ठैमा आरति अष्ठर पति दाता,
धन्न तिम्रो कोख माइ कौशिला देवी माता ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

नवैमा आरति नव र निधि गंगा,
भक्त सुधार राम कंसै सञ्ज ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,
जै हरि कृष्ण रामकी आरति जगाऊ ।

दशैमा आरति दशरथ पिता,
लङ्का जितेऊ रामज्यू घर ल्यायौ सिता ।
जै हरि कृष्ण गोविन्द राम,
हरि हरि कृष्ण गोविन्द राम ।
राम तिम्रै आरति जगाऊ,

जै हरि कृष्ण रामकी आरति जगाऊ ।

**पौवेगौंडे क्षेत्र वडा नं. १ निवासी कृषि पेशा अगाल्दै आएका वर्ष ७२ का श्री नरहरि रेग्मीबाट प्राप्त रामायण भजनको अंश यसप्रकार रहेको छ ।**



नरहरि रेग्मी
वर्ष-७२
पेशा-कृषि
सिम्ले नयाँ बजार

हे... रामको पैतलामा, पदम फूल लेखेको ।
... राम आज्ञाकारी, गुरुसित सवारी ।
सारै मन परनी भो, ए राम कसो गर्ने हो ।
ध्यान गर्नै लागे, देवी देवता त्यही आए ।
भाँचेउ शिवधनु, लैजाऔ सीता के भनु ।
कोही छैनन् मेरा, राम जति पियारा ।
यी रामको घर, बिगार्नीको मनभरा ।
प्रभु प्रमात्मा, राजा परे आपतमा ।
पीर पर्छ मनमा, नजाऔ राम बनमा ।
घर छोडी गए, राम सीता लक्ष्मुमण ।
यही हो रनभुमी, देखेऔ सीता रमीता ।
रामको बगैँचामा, छड्के हान्यो मृगले ।
रामलाई बनीबास, भरतलाई रजाईं ।
रामलाई बनीबास, कैकेयीका जालले ।
केलाई गयौ राम, चौध वर्ष बनमा ।
छैनन् अयोध्यामा, आज राम कहाँ गए ।
सीता पँधेरीमा, राम रुदै बनमा ।
रामलाई फुलको माला, सीता माइलाई सिन्दुर ।
रामलाई बनीबास, भरतलाई रजाईं ।
बोलाई रहनी को हो, खेली रहनी रामलाई ।

**ठुलाडिही गा.वि.स निवासी पण्डित पेशा अगाल्दै आएका वर्ष ४० का कमलपति रेग्मीबाट प्राप्त श्रीकृष्ण भजनको अंश यस प्रकार रहेको छ ।**



कमलपति रेग्मी
वर्ष-४०
पेशा-पण्डित
(थुम्का) नयाँबजार

माथि पऱ्यो हिमाल त तल पऱ्यो भिर,
कृष्णजीले खेल खेले यमुनाको तिर ।
दाई हाली खेले कृष्ण बलरामले ॥

तलपऱ्यो काली गङ्गा माथि मुक्तिनाथ शिर,
अकुर्जित ध्यानमा बसे यमुनाका तिर ।
दाई हाली खेले कृष्ण बलरामले ॥

गोकुल पुरीमा बज्यो ठुला धुन,
बनमा लुकी बस्ने उनै कृष्ण हुन् ।
दाई हाली खेले कृष्ण बलरामले ॥

हे कृष्ण कालेले उधुम गर्न लागे,
साथी भाइ जम्मा गरी दही चोरी खाए ।
दाई हाली खेले कृष्ण बलरामले ॥

कृष्ण ज्यूको मुरली आधा फुटेको,
त्यही पनि राधिकालाई मन परेको ।
दाई हाली खेले कृष्ण बलरामले ॥

कृष्णजी जानुभयो वृन्दाबनमा,
सोह्र सय गोलेनी परे रनमा ।
दाई हाली खेले कृष्ण बलरामले ॥

वृन्दाबनमा गाई चराउने उनै कृष्ण हुन्,
कति राम्रो कति मिठो मुरलीको धुन ।
दाई हाली खेले कृष्ण बलरामले ॥

**पौवेगौंडे क्षेत्र वडा नं. १ निवासी कृषि पेशा अगाल्दै आएका वर्ष ७२ का श्री नरहरि रेग्मीबाट प्राप्त रामायण भजनको अंश यसप्रकार रहेको छ।**



नरहरि रेग्मी
वर्ष-७२
पेशा-कृषि
सिम्ले नयाँ बजार

आए महादेव जयजय गुरु गणेश ।
आए गणेश वाला अर्ती बुद्धि दिनलाई ।
गए गणेश वाला अर्ती बुद्धि दिएर ।
आइन् पार्वता आफ्नै वाला खाजेर ।
लइन् पार्वतीले आफ्नै वाला गणेश ।
कृष्णको सवारी कालीनाग गुरुड ।
जगतै उज्यालो कृष्ण जन्म हुनाले ।
माया गोकुलैको जन्मभूमि मथुरा ।
कृष्ण मुरारीको गोकुल मन परेको ।
दगुरिन् गोल्यानी मुरलीले मुहनीलाई ।
किन लायौ राधा कृष्णजीलाई मुहुनी ।
जोर मुरलीको स्वर कति मलिनो ।
नीलो कम्मर पेटी देखित्यौ कि राधाले ।
कल्ले तार्‍यो पारि, वारि थियौ राधिका ।
किन गयौ पारि, वारि आइदेऔ राधिका ।
हे राधा पियार रोइरोइ सुक्यो हियारा ।
यै हो मरुभूमि देख्यौ के रे राधिका ।
धर्म आधा आधा हुन्छ कि हुन्न हे राधा ।
भन्देऊ कृष्णजीलाई राधिकाले बोलाइछिन् ।
कृष्णजीको फेला, बल्ल परेउ राधिका ।
कृष्ण तिम्रो मावली रूप हृदयमा झलझली झल्कने ।

**पौवेगौंडे क्षेत्र वडा नं. १ निवासी सरकारी सेवा अगाल्दै आएका वर्ष ३६ का श्री उमाकान्त रेग्मीबाट प्राप्त मिश्रित भजनको अंश यसप्रकार रहेको छ।**



उमाकान्त रेग्मी
वर्ष- ३६
पेशा-कर्मचारी
नयाँ बजार

सृष्टि ब्रम्हाजीको शक्ति उनै शिवको।
शिवजीको रूप फेरनलाई सजिलो।
शिवजीको रूप सम्झनलाई सजिलो।
शिव जटाधारी बल्ल भयो सवारी।
शङ्ख घण्ट बज्यो शिव तिम्रो मन्दिरमा।
शङ्ख घण्ट बज्यो कैलाशमा शिवको ।
बिना गुरु ज्ञान जाँदैन स्वर्गैमा।
स्वरिगैमा भेट जिन्दगीमा यै चाल।
मनै होइन सर्ने चिन्ता नल्यौ मनैमा।
नाच्दै गाउँदै गर पुग्ने होइन रहर।
बजाउ कृष्ण बाला राम्रै भयो मुरली।
मुरली बजाए मुहुनी औतार कृष्णले।
कद्मको छेल पारि नलाउ राधा मोहनी।
गोवर्धनधारी जयजय कृष्ण मुरारी।
कृष्ण बलरामले रथरचे बनैमा।
कृष्णलाई लगाउँला श्याम सुन्दर मुकुट।
नीलो कम्मर पेटी देखित्यौ कि राधाले।
मनले मनन गर काँ दिउ तिम्लाई जानुका।
लर्कियो सारी जतन गर गोल्यानी।
लाउनी होइनौ राधा लाउ लाउ कृष्ण फूलमाला।
हे राधा पियारा रोइरोइ फाट्यो हियारा।
पूजा हुन लाग्यो शिव तिम्रो मन्दिरमा।
कूटो बगैँचामा फूल टिपेर मन्दिरमा।
गंगाजीको जलले अभिषेक गरौँला।
गंगाजीको जलले पार्वतीलाई जलधारा।
शिवलाई वेलपत्र पार्वतीलाई जलधारा।
शिव बसे ध्यान गई वृन्दा वनैमा।
ब्रह्मा कमलैमा विष्णु बसे जलैमा।
शिव पार्वतीको पर्वतमा रजाई।
शिवशम्भो भोला दर्शन दिन के होला।
शिवशम्भो भोला बित्न लाग्यो यो चोला।
बम् भोला जोगी हेर्दा हेर्दै शिवजी।
शिव जटाधारी बल्ल भयो सवारी।

स्वरीगैमा भेट, जिन्दगीमा यै चाल ।
कृष्णजीको फेला, बल्ल परेउ राधिका ।
केलाई गयौ पारि, वारी आउन राधिका ।
अयोध्या अँधेरो, छैनन् की त सीतामाई ।
कुटी बनाई बसे, जङ्गलमा सीता राम ।
छल गर्‍यो मृगले, मरेँ भैया लक्ष्मण ।
त्यही मौका पारेर, सीता हर्‍यो रावणले ।
भैया लक्ष्मण, आपत पर्‍यो हामीलाई ।
हनुमान वीर, पठाउ न लङ्कामा ।
कृष्णजीको जन्म, भयो मध्य रातमा ।
कृष्णजी हाँसी, खेल्ने विन्द्रा वनैमा ।
स्वर्ग जानी बाटो, खनी मैदान पारेको ।
हे प्रभु ! प्रमात्मा, राजा परे आपतमा ।
रामलाई सम्झेर, नरोउ सीता वनैमा ।
छल रावणको, होइन मृग सुनको ।
विन्द्रा वनैमा मुरली बजाउँदै, गोलेनीलाई बोलाउँदै चङ्गा उडाउँदै ॥
वासुदेवाय २, ओम नमो भगवते, वासुदेवाय ।
जपौँ हरिहरि २, मनैपर्छ एक फेरि जपौँ हरिहरि ।
धर्म कर्म गर २, यो जीवन के छ र धर्म कर्म गर ।
गरौँ सञ्जन २, कृष्णजीको भजन गरौँ सज्जन ।
छोड्नु हुँदैन २, धर्म कर्म कहिल्यै पनि छोड्नु हुँदैन ।
पक्कै मरिन्छ २, धर्म कर्म छोडेऊ भने नरक परिन्छ ।
पक्कै तरिन्छ २, धर्म कर्म गरेऊ भने स्वर्ग तरिन्छ ।
ब्रह्मा कमलैमा, विष्णु सुते जलैमा ।
धर्म गरौँ न धर्म गरौँ न, असल काम गरेर स्वर्ग तरौ न ।
छोड्नु हुँदैन छोड्नु हुँदैन, अत्याचारी कङ्सलाई छोड्नु हुँदैन ।
धर्म मिल्ने छ धर्म मिल्ने छ, कुवा बाटो खन्नेलाई धर्म मिल्ने छ ।
ब्रह्माण्डै भरिका, हामी उनै हरिका ।
कोटी नमस्कार, आफ्नो धर्म संस्कार ।
जाऊँ जाऊँ लाग्यो, सबै जाँदा तिरिथ ।
जानी कहाँ होला उनै रामलाई थाहा होला । आदि ।

**पौवेगौंडे क्षेत्र वडा नं. २ निवासी शिक्षक पेशा अगाल्दै आएका वर्ष ६२ का श्री पूर्णबहादुर आले प्राप्त राम भजनको अंश यसप्रकार रहेको छ ।**



पूर्णबहादुर आले
वर्ष-६२
ढाडे (नयाँ बजार)

हे... राम वनमा जानुभो, रामले वनमा कन्दमुल खानुभो, रामको नाम कहिल्यै नभूल ।
राम वनमा जानुभो, बाली वीरलाई मारेर आउनुभो,
रामको नाम कहिल्यै नभूल ।
राम वनमा जानुभो, रावणलाई मारेर आउनुभो, रामको नाम कहिल्यै नभूल ।
राम वनमा जानुभो, कुम्भकर्ण मारेर आउनुभो, रामको नाम कहिल्यै नभूल ।
कोई छैनन् मेरा, राम जति पियारा ।
कहाँ थियौ राम, पैल्यै सृष्टि नहुँदा ।
मेरो भन्ने के छ, धनसम्पति मायाजाल ।
अयोध्यामा राम, जनकपुरमा सीताभाइ ।
सीतालाई रुवाउन, नजाऔ राम बनमा ।
रामको फूलबारीमा, सुनबुट्टे रुमाल ।
मै चोलियो लाउँला, सुनको मृगमारेर ।
रावणको खेल, सुनको मृग होइन दाई ।
भैगो लक्षुमण छैन, मृग बनैमा ।
नाच श्रीराम, झम्के पऱ्यो आँगन ।
रामलाई सम्झेर, नरौ सीता वनैमा ।

## नाम कीर्तनमा आधारित भजन

हा... कीर्तन गरौँ न कीर्तन गरौँ न, कैलाशका शङ्करजीको कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, बैकुण्ठका विष्णुजीको कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, सृष्टिकर्ता ब्रह्माजीको कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, संहारकर्ता भगवान्को कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, गोकुलका कृष्णजीको कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, देवलोकका इन्द्रज्यूको कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, रामचन्द्र भगवान्को कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, गणेश भगवान्को कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, भगवती देवीको कीर्तन गरौँ न ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, साँझको बेला भक्त हो कीर्तन गरौँ न ।
आउनुभएन आउनुभएन, गोकुलमा मुरली बजाउनु भएन ।
कीर्तन गरौँ न कीर्तन गरौँ न, प्रभुभर परौँ न कीर्तन गरौँ न ।
नाच फुरुरु नाच फुरुरु, फूल लाएकी मायालु नाच फुरुरु ।
घुमी नाच्नीलाई घुमी नाच्नीलाई, मोहर दिऊँ कि पाँचनी घुमी नाच्नीलाई ।
कति राम्रो भयो कति राम्रो भयो, आँगनीमा नाचेको कति राम्रो भयो ।
कति राम्रो भयो कति राम्रो भयो, कम्मरु भाँची नाचेको कति राम्रो भयो ।
कति राम्रो भयो कति राम्रो भयो, शिरमा फूल लाएको कति राम्रो भयो ।
कति राम्रो भयो कति राम्रो भयो, फूलको माला मन्दिरैमा कति राम्रो भयो ।
किन टोलाको किन टोलाको, भित्र बसी हेर्ने होइन बाहिर बोलाको ।
किन टोलाको किन टोलाको, भगवान्को नामैमा नाँच्न बोलाको ।
झर्न लाउनुभो झर्न लाउनुभो, भगवान्लाई दर्शन गर्न लाग्नुभो ।
गयौँ गाउन नि गयौँ गाउन नि, सारै कष्ट भयो नि बाहिर आउन नि ।
गरौँ  कीर्तन गरौँ कीर्तन, मरेपछि पाइने छैन गरौँ कीर्तन ।
गाइदेऊ सरासरी गाइदेऊ सरासरी, भगवान्को नामैमा गाइदेऊ सरासरी ।
मनुष्यको चोला मनुष्यको चोला, गरौँ कीर्तन बेसरी जे भएनि होला ।

**पौवेगौंडे क्षेत्र वडा नं. १ निवासी शिक्षक पेशा अगाल्दै आएका वर्ष ५२ का श्री रुद्रप्रसाद रेग्मीबाट प्राप्त सबैलाई देख्छु विरानो  भजनको अंश यसप्रकार रहेको छ।**



रुद्रप्रसाद रेग्मी
वर्ष-५२
पेशा-शिक्षक
(गैराबारी) नयाँबजार

भजन सबैलाई देख्छु बिरानो, भजन सबैलाई देख्छु बिरानो
रेभुलाल मनको कोही त छैनन् आफ्नो, हरि हरि रेभुलाल
मनको कोही त छैनन् हरि हरि
अतन जतन गरेर बुबालाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
सोही त बुबा नही आफ्नो सोही त बुबा नही आफ्नो हरि हरि रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर आमालाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर दाजुलाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर भाउजुलाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर दिदीलाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर बहिनीलाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर श्रीमतीलाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर छोरालाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर छोरीलाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि
अतन जतन गरेर यही शरीरलाई पालेँ हो अतन जतन गरेर बुबालाई पालेँ हो
रेभुलाल मनको कोही त छैनन् आफ्नो हरि हरि

हे हरि ... सँधै पिरको पिर पिर कहिल्यै छैन मन थिर सँधै मनमा पिर
एक हो वरीसमा ललीन शरीर
वल शरीरलाई अगनीको पिर
हे हरि ...सँधै पिरको पिर पिर कहिल्यै छैन मन थिर सँधै मनमा पिर
चार-पाँच वरीसमा बाल शरीर
ललीन शरीरलाई हतियारको पिर
सँधै पिरको पिर पिर कहिल्यै छैन मन थिर सँधै मनमा पिर
बीस पच्चिस वरीसमा जमानी शरीर
जवानी शरीरमा कामदेवको पिर
सँधै पिरको पिर पिर कहिल्यै छैन मन थिर सँधै मनमा पिर
पचास साठी वरीसमा वृद्ध शरीर
यसै वृद्ध शरीरलाई सम्पतिको पिर
सँधै पिरको पिर पिर कहिल्यै छैन मन थिर सँधै मनमा पिर
सत्तरी असी वरीसमा पाकिएको केस
यसै वृद्ध शरीरलाई आँगनी प्रदेश
सँधै पिरको पिर पिर कहिल्यै छैन मन थिर सँधै मनमा पिर

**ठुलाडिही गा.वि.स निवासी पण्डित पेशा अगाल्दै आएका वर्ष ४० का कमलपति रेग्मीबाट प्राप्त लाखबती भजनअंश यस प्रकार रहेको छ ।**



कमलपति रेग्मी
वर्ष-४०
पेशा-पण्डित
(थुम्का) नयाँबजार

कति राम्रो भाको कति राम्रो भाको,
लाख बत्ती जलाको कति राम्रो भाको ।
तेलमा मोली लाख ज्योती, आँगनीको छेउमा,
कति राम्रो भाको कति राम्रो भाको,
लाख बत्ती जलाको कति राम्रो भाको ।
लक्ष्मणा नाम गरकी एउटी व्यस्थ नारी,
लक्ष्य बत्ती महिमाले गइन् पार तरी ।
कति राम्रो भाको कति राम्रो भाको,
लाख बत्ती जलाको कति राम्रो भाको ।
लाख बत्ती ज्योती जलाई धर्म गरेको,
मरि सकेको श्रीमान् श्रीमतीलाई स्वर्ग तारेको ।
कति राम्रो भाको कति राम्रो भाको,
लाख बत्ती जलाको कति राम्रो भाको ।
नजानेर नबुझेका पापदेखि पारि,
पापको भारी बिसाउँने यही हो चौतारी ।
कति राम्रो भाको कति राम्रो भाको,
लाख बत्ती जलाको कति राम्रो भाको ।
जन्मेपछि पृथ्वीमा सबलाई पिरको पिर,
बत्ती भनेको उज्यालो हो लान्छ स्वर्गतिर ।
कति राम्रो भाको कति राम्रो भाको,
लाख बत्ती जलाको कति राम्रो भाको ।
नरक परिन्छ नरक परिन्छ, लाखबत्ती बालेपछि स्वर्ग तरिन्छ ।
कति राम्रो भाको कति राम्रो भाको,
लाख बत्ती जलाको कति राम्रो भाको ।

**ठुलाडिही गा.वि.स निवासी कृषिपेशा अगाल्दै आएका वर्ष ६२ का भुमीराम रेग्मीबाट प्राप्त प्राचीन भजनको अंश यस प्रकार रहेको छ ।**



भुमीराम रेग्मी
वर्ष-६२
पेशा-कृषि

यो देह शरीरमा, दुईवटा आँखा (२)
बनायौँ किन रामले, बनायौँ किन,
कच्चा शरीर रामले, बनायौँ किन । हरिहरि ॥
आइपुग्यौँ लिननी काल, आइपुग्यौँ लिन,
बाँचौंला भन्दा भन्दै, आइपुग्यौँ लिन ।
हरि हरि भजौंला भन्दा भन्दै, आइपुग्यौँ लिन ॥
हातमा छुरी कटरी, कम्मरमा छैन ढाल,
चोट पनि छैन घाउ पनि छैन, धन्यैको सिपालु काल । हरिहरि ॥

दिन दिन मानी राम, छिन छिनमा,
यही मनपनि बिरानो भयो, एकै छिनमा ।
यो देह शरीरमा, दुई वटा कान (२)
बनायौ किन रामले, बनायौ किन ।
कच्चा शरीर रामले, बनायौ किन । हरिहरि ॥
आइपुग्यौँ लिननी काल, आइपुग्यौँ लिन ।
बाँचौंला भन्दा भन्दै, आइपुग्यौँ लिन ।
हरि हरि भजौंला भन्दा भन्दै, आइपुग्यौँ लिन ।
हातमा छुरी कटरी, कम्मरमा छैन ढाल ।
चोट पनि छैन घाउ पनि छैन, धन्यैको सिपालु काल । हरिहरि ॥

यो देह शरीरमा, दुईवटा हात (२)
बनायौ किन रामले, बनायौ किन ।
कच्चा शरीर रामले, बनायौ किन हरिहरि ।
आइपुग्यौँ लिननी काल, आइपुग्यौँ लिन,
बाँचौंला भन्दा भन्दै, आइपुग्यौँ लिन ।
हरि हरि भजौंला भन्दा भन्दै, आइपुग्यौँ लिन ।
हातमा छुरी कटरी, कम्मरमा छैन ढाल ।
चोट पनि छैन घाउ पनि छैन, धन्यैको सिपालु काल । हरिहरि ॥

दिन दिन मानि राम, छिन छिनमा
यही मन पनि बिरानो भयो, एकै छिनमा
यो देह शरीरमा दुईवटा खुट्टा (२)
बनायौ किन रामले, बनायौ किन ।
कच्चा शरीर रामले, बनायौ किन । हरिहरि ॥
आइपुग्यौ लिननी काल, आइपुग्यौँ लिन ।
बाँचौँला भन्दा भन्दै, आइपुग्यौँ लिन ।
हरि हरि भजौँला भन्दा भन्दै, आइपुग्यौँ लिन ।
हातमा छुरी कटरी, कम्मरमा छैन ढाल
चोट पनि छैन घाउ पनि छैन, धन्यैको सिपालु काल । हरिहरि ॥
दिन दिन मानि राम, छिन छिनमा ।
यही मन पनि बिरानो भयो, एकै छिनमा ।
अन्तिममा चुड्का
लान्छ काललले लान्छ काललले, सानो ठुला भन्दैन लान्छ काललले ।
लान्छ काललले लान्छ काललले, धनी गरिब भन्दैन लान्छ काललले ।

**ठुलाडिही गा.वि.स निवासी पण्डित पेशा अगाल्दै आएका वर्ष ७९ का मनहरि पोखेल बाट प्राप्त श्री स्वस्थानी भजनको अंश यस प्रकार रहेको छ ।**



मनहरि पोखेल
वर्ष-७९
पेशा-पण्डित

कुमारजी आज्ञा गर्ने सुन्ने अगस्थ,
स्वस्थानीले मनको इच्छा पुऱ्याउ अवस्य,
चन्द्रावती रानी स्वस्थानीको ब्रतले ।
मधुकैटभ जन्म भए काने गुजी देखि,
घमासान युद्ध भयो विष्णु सँग भेटी,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

धेरै वर्ष युद्ध हुँदा दुवै बराबर,
वरदान माग मधुकैटभ ढिला नगर,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

तिमी हाम्लाई के वर दिन्छौ तिमी आगे वर,
घमण्डी ति दैत्यहरू भन्न लागे हेर,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

विष्णुजीले छल गरि मागी हाले वर,
भन्न थाले दैत्यहरूले सुक्खा ठाउँमा मार,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

तेत्तीस कोटी देवता भए संसार भो सृष्टि,
प्राणीको जन्म भयो ईश्वरको दृष्टि,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

तेत्तीस कोटी देवतालाई तेत्तीस कोटी कन्या,
नारदजी जानुभयो दक्ष कन्या माग्न,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

जेठी छोरी आफु राखी अरु कन्यादान,
महादेवलाई मान राखेछन् भन्ने भयो भान,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।
मेरा पनि पत्नी छैनन् राख्देछन् की एउटी,

दक्ष सँग माग्न जान पऱ्यो एक चोटी,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

सत्यदेवी माग्न जानुभयो महादेव,
ठुला अपमान गरे दक्ष त्यहाँ नेर,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

नारायणले छल गरि महादेवलाई सती,
महादेवलाई निन्दा गर्ने दक्षको त्यो मती,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

दक्ष यज्ञ विफल भयो महादेवको निन्दा,
बाबु छोरी मर्न गए भगवान् नचिन्दा,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

शिव गौरी अभिनय श्रीस्वस्थानी माँता,
यिनको वरदान पाएपछि पुग्छौँ कहाँ कता,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।
शिव भट्ट ब्रह्मणको गणेशमा ध्यान गयो,
धन धान्य सन्तानमा गोमा जन्म भयो,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

गोमा सारै राम्री थिइन् हेर्दा चन्द्रमुखी,
सबै कुरा राम्रो भयो दम्पति थे सुखी,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।
भिक्षा माग्दा नदिएर शिव सराप पऱ्यो,
७ वर्षमा ७० वर्षको बुढासँग विवाह गनुपऱ्यो,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

सबै धनसम्पति चोरले लुटेको,
भिक्षु भिक्षा नदिएर कर्म फुटेको,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

बिचारा ती बालिकाको बुढो श्रीमान्,
महादेवको श्रापले भयो कन्यादान,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

श्रीमान् कमाउनलाई भाको परदेशी,
पर लोक हुनुपर्‍यो श्रीमतीदेखि,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

त्यही बेलामा गर्भिणी रहिछिन् गोमा नारी,
बेसाहारा हुन गईन् पनि वियोग परि,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

ईश्वरको लिला कस्तो एउटी नारी माथि,
बालकालमै बेसहारा छैन संगी साथी,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।
बत्तीस लक्षणयुक्त जन्म्यो बालक नवराज,
बिचरा ती गोमालाई खुशी लाग्यो आज,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

बाबा मृत्यु भाको रैछ धेरै वर्ष पहिले,
काज क्रिया पितृ उद्धार बल्ल गरे अहिले,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

अलापविलाप गर्न लागिन् आँशुको त्यो खाली,
नरुनु आमा यस्तै रैछ मनुस्यको चोली,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

आशिष दिइन् प्रसाद दिइन् सम्झेर स्वस्थानी,
सबै कुरा बिस्तार गरिन् छोरासँग अनि,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

बिहान उठी गंगा स्नान गर्न ब्राह्मणको कर्म,
ईश्वर भक्त परोपकार थियो नवराजको धर्म,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

जाँदा भए लावण्य देश छिटै नवराज,
माला लगाई लावण्यका राजा भए आज,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

गोमा माईको दिन आयो, भइन् राजामाता,
सबै कर्म दिने उनै ईश्वर दाता,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

ईश्वरको कृपाले छिटै बल्यो बत्ती,
उनीपनि हुन पुगिन् छिटै चन्द्रावती,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

स्वस्थानीको कृपाले गर्दा त्यो परिवारमा,
हिजो कस्तो गति थियो आज पुगे कहाँ,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।

गर्नुपर्छ धर्म कर्म दिन्छ करिमले,
कहिल्यै पनि रुवाउँदैन गरेको धरिमले,
चन्द्रावती रानी स्वस्थानीको व्रतले ।
हरि हरि...।

## परिशिष्ट (ख)

**पौवेगौंडे क्षेत्रमा भजन चुड्का गाउन सहभागी भएका व्यक्तिहरुको नामवली**

| क.सं. | नाम थर | उमेर | ठेगाना |
|---|---|---|---|
| १. | नरहरि रेग्मी | ७२ | पौवैगौंडे -१, सिम्ले स्याङ्जा |
| २. | रुद्रप्रसाद रेग्मी | ५२ | पौवैगौंडे -१, गैराबारी स्याङ्जा |
| ३. | रेशमलाल रेग्मी | ६५ | पौवैगौंडे -१, आरमडाँडा स्याङ्जा |
| ४. | शिव रेग्मी | ५३ | पौवैगौंडे -१, आरमडाँडा स्याङ्जा |
| ५. | ईश्वरीप्रसाद रेग्मी | ५५ | पौवैगौंडे -१, डहरमुनी स्याङ्जा |
| ६ | नारायण रेग्मी | ५० | पौवैगौंडे -१, डहरमुनी स्याङ्जा |
| ७. | जमुना रेग्मी | ३५ | पौवैगौंडे -१, डहरमुनी स्याङ्जा |
| ८. | गणेशबन्धु रेग्मी | ४५ | पौवैगौंडे -१, भुत्तेलबारी स्याङ्जा |
| ९. | गुना रेग्मी | ४० | पौवैगौंडे -१, भुत्तेलबारी स्याङ्जा |
| १०. | चन्द्रा रेग्मी | ४१ | पौवैगौंडे -१, भुत्तेलबारी स्याङ्जा |
| ११. | लिलावती रेग्मी | ६० | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| १२. | गुमावती रेग्मी | ६० | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| १३. | कौमती रेग्मी | ७० | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| १४. | जमुना रेग्मी | ४० | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| १५. | ढाका रेग्मी | ४३ | पौवैगौंडे -१, गैराघर स्याङ्जा |
| १६. | शान्ता रेग्मी | ३७ | पौवैगौंडे -१, गैराघर स्याङ्जा |
| १७. | सीता रेग्मी | ४१ | पौवैगौंडे -१, गैराघर स्याङ्जा |
| १८. | अक्षरी रेग्मी | ८३ | पौवैगौंडे -१, गैराघर स्याङ्जा |
| १९. | विष्णुप्रसाद रेग्मी | ४१ | पौवैगौंडे -१, गैराघर स्याङ्जा |
| २०. | पूर्णबहादुर आले | ७२ | पौवैगौंडे -१, ढाडे स्याङ्जा |
| २१. | डोलप्रसाद रेग्मी | ३७ | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| २२. | टाकाराम रेग्मी | २७ | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| २३. | उमाकान्त रेग्मी | ३७ | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |

| | | | |
|---|---|---|---|
| २४. | विष्णु रेग्मी | ४० | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| २५. | गोपाल रेग्मी | ४१ | पौवैगौंडे -१, आरामडाँडा स्याङ्जा |
| २६. | मनहरी पोखेल | ७९ | परस्याङ, ठुलाडिही स्याङ्जा |
| २७. | ख्यामनारायण पोखेल | ७९ | परस्याङ, ठुलाडिही स्याङ्जा |
| २८. | भुमीराज रेग्मी | ६२ | परस्याङ, ठुलाडिही स्याङ्जा |
| २९. | उदयबहादुर भुजेल | ७९ | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३०. | उमालाल शर्मा | ६० | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३१. | डोरीमाया शर्मा | ५० | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३२. | रुद्रकुमारी पोखेल | ६८ | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३३. | गुमा रेग्मी | ५८ | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३४. | बाटुली पोखेल | ६० | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३५. | ज्ञानप्रसाद पोखेल | ६७ | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३६. | ध्रुव पोखेल | ५० | परस्याङ, ठुलाडिही स्याङ्जा |
| ३७. | कमलपति रेग्मी | ४० | परस्याङ, थुम्का ठुलाडिही स्याङ्जा |

## परिशिष्ट (ग)

## पौवेगौंडे क्षेत्रमा भजन चुड्काहरुको सङ्कलन अध्ययन क्रममा

## प्रयोग गरेका प्रश्नहरु

अध्ययन क्रममा प्रयोग गरेका प्रश्नावली

१. तपाईंको शुभ नाम के हो?

२. तपाईं के पेशा गर्नुहुन्छ?

३. तपाईंको उमेर कति वर्ष भयो?

४. आफ्नो धर्म संस्कृति प्रति चासो राख्नुहुन्छ, होइन?

५. के मा बढी चासो/रुची राख्नुहुन्छ?

६. भजन गाउनुहुन्छ?

७. भजन कुन कुन पर्वमा गाउनुहुन्छ?

८. कुन कुन देवतासित सम्बन्धित भजन गाउनुहुन्छ?

९. तपाईंले भन्न सक्ने केही भजन चुड्का गाइदिनुहोस् न ।

१०. तपाईंले सम्झेर कति सम्म भजन गाउन सक्नुहुन्छ उपलब्ध गराइदिनुहोस् न ।

(अन्त्यमा धन्यवाद सहित राम्रो सम्बन्ध कायम गरी बिदाई)

## परिशिष्ट (घ)

## पौवेगौंडे क्षेत्रमा प्रचलित भजन चुड्काहरुमा प्रयोग भएका अप्ठ्यारा शब्दको शब्दार्थ

| शब्द | अर्थ |
|---|---|
| थुम्की | उच्च जतात्तै देखिने ठाउँ |
| आउनीजानी | आउने जाने |
| लैजौ | लैजाउ |
| चिनोलाई | सम्भनाका लागि चिनारी |
| एकलकाटे | एक्लै भएको अनुभव गर्ने |
| खप्पर | भाग्य |
| ठिक्क | राम्रो पार्नु |
| तग्दिर | भाग्य |
| विमानमा | स्वर्गमा |
| फाँट | बढी सम्मो भाग वा ठाउँ |
| देह | आत्मा |
| कच्चा | कमजोर |
| भजौला | जपौंला वा ध्यान गर्ने |
| मनुश्यको | मानिसको |
| आयु | वर्ष |
| आपत पर्नु | दुःख/कष्ट पर्नु |
| जप्नु | ध्यान गर्नु |
| ख्याति | प्रख्यात |
| पुर्खा | बाउ, बाजे |
| पहिलीमा | प्रथम सुरुको |
| दोसरी | दोस्रो |
| तेसरी | तेस्रो |
| चउथै | चौथो |

| | |
|---|---|
| नवम् | नवौँ |
| दशमा | दशौँ |
| घरधुरी | घरहरूको संख्या |
| स्थायी | गाउने क्रिया वा प्रक्रिया |
| रोइला | रुन्चे शैलीमा गाइने गीत |
| सुन्नेभो | सुनसान भयो |
| भैया | भाइ |
| जोउन | जाऊन |

# सन्दर्भ कृति सूची


आचार्य, कृष्णप्रसाद (२०६८), **लोकसाहित्य,** कीर्तिपूर क्षितिज प्रकाशन ।

आचार्य, तुलसीराम (१९९४), **आरती भजन सङ्ग्रह,** स्याङ्जा ...

खनाल, हरिप्रसाद (२०६६), **तनहूँ जिल्लाको थप्रेक दुलेगौंडा क्षेत्रमा प्रचलित लोकभजनहरूको सङ्कलन वर्गीकरण र विश्लेषण :** अध्ययन पत्र ।

गिरी,जीवेन्द्रदेव (२०५६), **लोक साहित्यको अवलोकन**, काठमाडौ : एकता बुक्स ।

थापा, धर्मराज र सुवदी, हंसपुरे (२०४१), **नेपाली लोक साहित्यको विवेचना,** काठमाडौं : त्रि.वि.पाठ्यक्रम विकास केन्द्र ।

दिवस, तुलसी (२०४४), **नेपाली लोक साहित्यको संगोष्ठी,** काठमाडौं : ने.रा.प्र.प्र ।

पराजुली, कृष्णप्रसाद(२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौ वीणा प्रकाशन ।

पराजुली, मोतीलाल (२०४९), **नेपाली लोकगाथा**, पोखरा ।

पोखेल, शिवप्रसाद (२०६०), **आँधीखोले भजन चुड्काहरूको सङ्कलन र विश्लेषण,** त्रि.वि.शोधपत्र ।

पोखेल, स्नेह (२०५९), **कमल विनायक आराधना भजन सङ्ग्रह**, स्याङ्जा ।

पौडेल, जीवनाथ (२०६२), **पैयुँखोले भजन चुड्काहरूको सङ्कलन र विश्लेषण,** त्रि.वि.अध्ययनपत्र ।

पौडेल, विष्णु प्रसाद (२०५७), **संस्कृत काव्यशास्त्र**, काठमाडौं ।

बन्धु, चूडामणि, (२०५८), **नेपाली लोक साहित्य, काठमाडौं,** एकता बुक्स ।

बन्धु, चूडामणि, (२०६६ ), **नेपाली लोक साहित्य,** काठमाडौं, एकता बुक्स ।

रेग्मी, शोभाचन्द्र (२०५८), **चौविसे राज्यमा नुवाकोटको एक ऐतिहासिक अध्ययन,** शोधपत्र त्रि.वि.पृथ्वी नारायण क्याम्पस, पोखरा ।

शर्मा,कुलप्रसाद (२०६५) **उपल्लो आँधीखोला क्षेत्रमा प्रचलीत लोगगीतहरुको सङ्कलन वर्गीकरण र विश्लेषण,** पृथ्वी नारायण क्याम्पस पोखरा, नेपाली शोधपत्र ।

शम्भु, कोइराला (२०५५), **लोक साहित्य सिद्धान्त र विश्लेषण,** विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान ।

सापकोटा, कृष्णप्रसाद, (२०६५), **चिलाउनेबास गा.वि.स.मा प्रचलित आरति भजनको सङ्कलन र अध्ययन**, अध्ययन पत्र, त्रि.वि. पृथ्वी नारायण क्याम्पस, पोखरा ।

सुवेदी, टीकाराम (२०६५), **आरुखर्क क्षेत्रमा प्रचलित भजन चुड्काहरूको सङ्कलन र विश्लेषण:** अध्ययनपत्र, त्रि.वि. पृथ्वी नारायण क्याम्पस, पोखरा ।

सिग्देल, तुलसी (२०६२), **तनहूँ जिल्लाको किहुँ गा.वि.स.मा प्रचलित मागल गीत एक अध्ययन** : अध्ययन पत्र, त्रि.वि. पृथ्वी नारायण क्याम्पस, पोखरा ।